सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ फागुन २०८०, शनिबार (9 Mar 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३२० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

सहरमा प्लानिङ होइन, प्लटिङ भयो



सहरको कथा

■ किशोर थापा

अब आफ्नो घर आफैं बनाऔं भन्ने परिपाटी बदल्नुपर्छ। आफ्नो घर अरूले बनाउने हो। घर डेभलपरले बनाउँछन्, बैंकले कर्जा दिन्छन्, उपभोक्ताले बनिबनाउ घर खरिद गर्ने हो। डेभलपरले पनि व्यवस्थित बस्ती बसाउनुपर्छ। त्यसमा सरकारले अनुगमन र सहजीकरण गर्नुपर्छ।

गीतकार साउदको प्रश्न संगीतकार बास्कोटाको उत्तर



तपाईंको सिर्जनाले समाजमा कस्तो प्रभाव पाऱ्यो ? यो नै प्रमुख कुरा हो। हामीले 'साइँली' गीत बनायौं। यो गीत अझै पनि आमनेपालीको मुखमा झुन्डिएको छ। ४० कटेसी रमाउँला भन्ने शब्दले निकै ठूलो अर्थ बोकेको छ। समाजले यो गीतलाई आफ्नो गीत ठानेर स्विकारेको छ।

जीर्णोद्धारको पर्खाइमा विरासत बोकेको संसद् भवन

वि.सं. १९६५ मा बनेको पुरानो संसद् भवनमा ०१५ सालको निर्वाचनपछि संसद् बस्न थालेको थियो। राष्ट्रिय पञ्चायत हुँदै ०६३ मा पुनर्स्थापित प्रतिनिधिसभा पनि यसै भवनमा बस्यो। राज्यले संरक्षणमा ध्यान नदिँदा इतिहास बोकेको संरचना खण्डहर बन्दै छ।

अब रेट्रोफिटको काम अघि बढ्दै छ



● **एकराम गिरी**
प्रवक्ता संसद् सचिवालय

भूकम्प गइसकेपछि आमनागरिकका विषयवस्तु, संविधान निर्माण, संक्रमणकालीन अवस्थाले भवन पुनर्निर्माण प्राथमिकतामा परेन। पछिल्लो चरणमा सहरी विकास मन्त्रालयले यसलाई रेट्रोफिट गर्न कार्य अगाडि बढाएको छ। यद्यपि, प्रबलीकरण भइसकेपछि संसद्कै म्युजियमको रूपमा विकास गर्ने अथवा स्टेट हलको रूपमा विकास गरेर अगाडि बढ्ने भन्ने निष्कर्षमा पुग्न बाँकी छ।

प्रबलीकरण गरेर संरक्षण गर्नुपर्छ



● **विरोध खतिवडा, पूर्वसांसद**

भूकम्प गएको लामो समयसम्म प्रबलीकरण नगरिँदा भित्ताभरि रुख उम्रिने, भित्र पनि सबै ध्वस्त हुने अवस्था छ। सकभर नभत्काईकन म्युजियमको स्थितिमा जोगाउनुपर्छ। प्रबलीकरण गरेर संरक्षण गर्नुपर्छ। विशेष अवसरको हिसाबमा कुनै न कुनै ढंगबाट जोगाएर राख्नुपर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

०७२ को भूकम्पले क्षतिग्रस्त सिंहदरबारस्थित पुरानो संसद् भवनको आठ वर्ष बित्दा पनि प्रबलीकरण हुन सकेको छैन। देशको संसदीय राजनीतिको विरासत बोकेको तथा इतिहास बोल्ने संरचना संरक्षणमा राज्यले नै उपेक्षा गरेको छ। जसका कारण ऐतिहासिक महत्त्वको पुरातात्त्विक भवन कवाडखानाको रूपमा परिणत हुँदै छ।

» पृष्ठ २ मा क्रमशः





तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ कवाडखाना बन्यो सांसद बस्ने ठाउँ

जीर्णोद्धारको पर्खाइमा रहेको पुरानो संसद् भवन अहिले संसद् सचिवालयका पुराना फर्निचर र काम नलाग्ने कागजात थान्को लगाउने गोदाम बनेको छ। भित्तादेखि झ्यालढोकासम्ममा झार उम्रिएको छ। लामो समयसम्म पुनर्निर्माण नहुँदा चर्किएका भित्ताबाट ईंटाहरू र भवनका खम्बाहरूको सिमेन्ट भुइँमा खस्दै गएको छ। भित्र मुसाको बिगबिगी छ। भवनको अवस्था दिनप्रतिदिन बिग्रिँदै जाँदा राज्यको सम्पत्ति उपयोगविहीन मात्र भएको छैन, कवाडखाना बन्दै छ।

नयाँ भवन निर्माणको प्रगति ७८ प्रतिशत मात्रै

१५ वर्षमा आइसिसीलाई डेढ अर्ब भाडा, चालू वर्षको भाडा भुक्तानी बाँकी



पुरानो भवन राज्यको उपेक्षामा परेका वेला सिंहदरबारस्थित पुतली बगैंचामा निर्माणाधीन नयाँ संसद् भवनको निर्माण कार्यले पनि लक्ष्यअनुसार गति लिन सकेको छैन। यो आर्थिक वर्षभित्र सक्ने लक्ष्य राखिए पनि अझै २२ प्रतिशत काम बाँकी छ।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको विशेष भवन निर्माण आयोजनाका निर्देशक मचाकाजी महर्जनका अनुसार १६ असोज ०७६ मा काम सुरु भएको नयाँ भवनको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ। वित्तीय प्रगति ७९ प्रतिशत छ। तीन वर्षभित्र सक्ने भनिएको भवन निर्माणको ठेक्का तीनपटक थपिसकिएको छ। अहिले आन्तरिक सजावटको काम अगाडि बढेको छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले सचिवालय र पदाधिकारीबाट निर्माण कार्यलाई गति दिन, सदन सञ्चालनको वातावरण बनाउन निरन्तर 'फलोअप' गरिरहेको बताए। 'चैत मसान्तसम्म सक्नुपर्ने भए पनि लक्ष्यअनुसार काम हुने देखिँदैन, छिटो होस् भन्ने मात्रै हो। यो तयार नभएकाले हिउँदे अधिवेशन भाडाकै भवनबाट सञ्चालन गर्नुपरेको छ,' उनले भने।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ सरकार जोगाउन सुदूरपश्चिममा मन्त्रिपरिषद् विस्तार

नागरिक उन्मुक्तिका तीन मन्त्री थपिए, बहुमत पुऱ्याउन अझै सकस

राप्रपा र स्वतन्त्र सांसद फकाउँदै मुख्यमन्त्री

५३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि २७ सदस्यको समर्थन आवश्यक पर्छ। तर, सरकारको पक्षमा मुख्यमन्त्री शाहको पार्टी कांग्रेसका १८ र नागरिक उन्मुक्तिका सात गरी २५ सदस्यको मात्र समर्थन छ। राप्रपा र प्रदेश सभामा रहेका एक स्वतन्त्र सांसदको समर्थन जुटाएर बहुमत पुऱ्याउने कसरत थालिएको छ। राप्रपा र स्वतन्त्र सांसदलाई मन्त्रीको प्रस्ताव गरे पनि सरकारमा सहभागी हुनेबारे सहमति भइसकेको छैन।



नवनियुक्त दुई मन्त्रीलाई शपथ खुवाउँदै प्रदेश प्रमुख देवराज जोशी।

धनगढीमा **तेजराज भट्ट**

माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले नागरिक उन्मुक्ति पार्टीबाट दुई मन्त्री र एक राज्यमन्त्री थपेर सरकार विस्तार गरेका छन्। मुख्यमन्त्री शाहले नागरिक उन्मुक्तिको संसदीय दलका नेता घनश्याम चौधरीलाई आर्थिक मामिलामन्त्री, खुसीराम चौधरीलाई विनाविभागीय र इन्दिरा गिरीलाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री नियुक्त गरेका हुन्।

नवनियुक्त दुई मन्त्रीलाई प्रदेश प्रमुख देवराज जोशीले शुक्रबार राति पद तथा गोपनीयताको शपथ गराएका छन्। त्यस्तै, राज्यमन्त्री गिरीलाई मुख्यमन्त्री शाहले पद तथा गोपनीयताको शपथ गराए। प्रदेश सरकारमा यसअघि नागरिक उन्मुक्तिका तर्फबाट रामेश्वर चौधरी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री छन्। नागरिक उन्मुक्तिले सोही मन्त्रालयको

» पृष्ठ २ मा क्रमशः

एमाले सचिवालय बैठकमा अध्यक्ष ओलीको ब्रिफिङ

कतिपय बाह्यशक्ति गठबन्धन भत्काउन लागेका छन्

एमाले-माओवादी केन्द्रसहितको नयाँ गठबन्धन बन्न नदिने र बनेको देख्न नचाहने कतिपय बाह्य शक्ति अहिले पनि भत्काउन सकिन्छ कि भनेर सक्रिय छन्। तर, धेरै प्रयासबाट बनाएको यो गठबन्धनलाई मजबुत बनाएर पूर्ण कार्यकाल टिकाउनुपर्छ। सरकार जनताले महसुस हुने गरी काममा केन्द्रित हुन्छ। कांग्रेससहितको गठबन्धनका कारण देशले धेरै नोक्सानी व्यहोरिरहेकाले हामीले भत्काउने उद्देश्य राखेका थियौं, त्यसका लागि धेरै लामो समयदेखि प्रयास गर्दै आएका थियौं। यो गठबन्धनलाई जोगाएर परिणाम दिने गरी काममा लाग्नुपर्छ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

कांग्रेसले लोकतान्त्रिक शक्तिहरू समेटेर नयाँ समीकरणको गृहकार्य गरिरहेका वेला नयाँ गठबन्धनको प्रमुख घटक एमालेले बाह्य शक्तिहरू नयाँ समीकरण भत्काउन सक्रिय भएको दाबी गरेको छ। पार्टी सचिवालय बैठकमा एमाले अध्यक्ष केपी ओलीले एमाले-माओवादीसहितको नयाँ गठबन्धन देख्न नचाहने कतिपय बाह्य शक्ति अझै भत्काउन सक्रिय रहेको ब्रिफिङ गरेका हुन्। तर, त्यो बाह्य शक्तिबारे ओलीले स्पष्ट पारेनन्।

पार्टी केन्द्रीय कार्यालय ललितपुरको च्यासलमा बसेको सचिवालयको शुक्रबारको बैठकमा अध्यक्ष ओलीले अहिलेको गठबन्धन धेरै मिहिनेत र प्रयासबाट बनेको बताए। साथै उनले अहिलेको गठबन्धन पूर्ण कार्यकाल टिकाएर जनताले महसुस गर्ने गरी सरकार परिणाममुखी काममा केन्द्रित हुनुपर्ने निष्कर्ष पनि सुनाए।

'एमाले-माओवादी केन्द्रसहितको नयाँ गठबन्धन बन्न नदिने र बनेको देख्न नचाहने कतिपय बाह्य शक्ति अहिले पनि भत्काउन सकिन्छ कि भनेर सक्रिय छन्,' ओलीको ब्रिफिङ उद्धृत गर्दै एक पदाधिकारीले नयाँ पत्रिकासँग भने, 'तर, धेरै प्रयासबाट बनाएको यो गठबन्धनलाई मजबुत बनाएर पूर्ण कार्यकाल टिकाउनुपर्छ। सरकार जनताले महसुस हुने गरी काममा केन्द्रित हुन्छ।'

ओलीले जनतामा देखिएको निराशा र प्रतिगामीको चलखेल चिरेर नयाँ गठबन्धन बनाउने पार्टीको प्रयास सफल भएको बताएका थिए। उनले कांग्रेससहितको गठबन्धनका कारण देशले धेरै नोक्सानी व्यहोरेको र आर्थिक मन्दीतर्फ देश अगाडि बढेको दाबी बताए। 'कांग्रेससहितको गठबन्धनका कारण देशले धेरै नोक्सानी व्यहोरिरहेकाले हामीले भत्काउने उद्देश्य राखेका थियौं, त्यसका लागि धेरै लामो समयदेखि प्रयास गर्दै आएका थियौं,' ओलीको भनाइ थियो, 'लामो प्रयास सफल

» पृष्ठ २ मा क्रमशः



कांग्रेस सहमहामन्त्री जीवन परियार भन्छन्- को कसको इसारामा चल्छ जनतालाई थाहा छ

पहिलो, कांग्रेस लोकतन्त्र, संविधानवादमा विश्वास गर्छ। भइरहेका राजनीतिक दलमध्ये जोसँग सहकार्य गर्न हामीलाई अनुकूल हुन्छ, ती दलसँग सहकार्य गर्नु हाम्रो जिम्मेवारी हो। दोस्रो, कांग्रेसले सरकारविरुद्ध छुट्टै लोकतान्त्रिक गठबन्धन बनाइरहेको छैन, यो स्पष्ट हुनुपऱ्यो। अब यो कसको इसारामा, को-को चलेको छ भन्ने कुरा कांग्रेसले भनिरहनुपर्दैन। आमजनताले बुझेका छन्। यसको जवाफ एमाले नेताले आफैं दिइरहनुभएको छ। जो इसारामा चल्छ, उसलाई मात्र थाहा हुन्छ। कांग्रेस नेपाली जनताको इसारामा चल्छ।

■ सोमबार विश्वासको मत लिने सरकारको तयारी

बहुमत : १३८, सरकारको शक्ति : १५२

सत्तागठबन्धनमा आबद्ध दल एमालेका ७७, माओवादीका ३२, रास्वपाका २१, जसपाका १२ र एकीकृत समाजवादीका १० सांसद

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी सोमबार विश्वासको मत लिने तयारी गरेका छन्। कांग्रेससँगको सहकार्य तोडेर २१ फागुनमा एमालेसहितको गठबन्धन बनाएका प्रधानमन्त्रीले २८ फागुनमा विश्वासको मत लिने तयारी गरेका हुन्।



सहयात्री दल एमालेका अध्यक्ष केपी ओलीले चाँडै विश्वासको मत लिन प्रधानमन्त्री प्रचण्डलाई प्रस्ताव गरेका छन्। थप छलफल गर्न प्रधानमन्त्री प्रचण्डले शनिबार दिउँसो ३ बजे संसदीय दलको बैठक बोलाएका छन्। 'एमाले अध्यक्ष कमरेड केपी ओलीले २८ गते नै विश्वासको मत लिन प्रस्ताव गर्नुभएको छ,' माओवादी केन्द्रका एक नेताले भने, 'प्रधानमन्त्रीज्यू पनि छिट्टै विश्वासको मत परीक्षण गर्ने गृहकार्यमा हुनुहुन्छ। संसदीय दलबाट निर्णय हुन्छ।' विश्वासको मत चाँडै टुंग्याउन खोजेको एमालेले शनिबार बोलाइएको संसदीय दलको बैठक २९ फागुनमा सारेको छ।

आठ लाखले गरे पशुपतिनाथको दर्शन

■ चारै ढोका खोल्दा दर्शनार्थीलाई सहज

शिवहरि घिमिरे/नयाँ पत्रिका


महाशिवरात्रिको दिन शुक्रबार सबेरैदेखि रातिसम्म करिब आठ लाख भक्तजनले पशुपतिनाथको दर्शन गरेका छन्। शुक्रबार बिहान दुई बजेदेखि पशुपतिनाथको दर्शन गर्न लाइन लागेका दर्शनार्थीले मन्दिरका चारवटै ढोकाबाट दर्शन गरे।

चारवटै ढोका खोलिएकाले दर्शनार्थीले लामो समय लाइन बस्नु नपरेको पशुपति क्षेत्र विकास कोषले जनाएको छ। यस अवधिमा नेपाल, भारत, मलेसिया, बंगलादेश, भुटान, जर्मनी, बेलायत, अमेरिकालगायत देशका भक्तजनले पशुपतिनाथ दर्शन गरेका छन्। यसमध्ये अधिकांश नेपाली र भारतीय भक्तजन पशुपतिनाथ मन्दिर दर्शन गर्न पुगेको कोषका सूचना अधिकारी गौरीशंकर पराजुलीले जानकारी दिए।

'बिहान दुई बजेदेखि दिनभर तथा अहोरात्र दर्शन गर्ने व्यवस्था गरिएको थियो, यस अवधिमा करिब आठ लाखले मन्दिर दर्शन गरे, शिवरात्रिमा कुनै पनि नकारात्मक गतिविधि भएन,' उनले भने, 'शनिबार बिहान ६ बजेसम्म भक्तजनले दर्शन गर्नेछन्।' शनिबार बिहान ६ बजे प्रहर पूजा गरेपछि मात्रै शिवरात्रि विशेष दर्शन सकिनेछ।

कोषले यसपटक फूल र बत्तीको सजावटका लागि एक करोड बजेट विनियोजन गरेको थियो। मन्दिरआसपास र गेटमा सजावट गर्न कोषले ३० लाखको फूल प्रयोग गरेको छ। यस्तै, १० लाख हाराहारीको बत्ती प्रयोग भएको छ। बिहानैदेखि भक्तजनको भिडभाड हुने भएकाले ठाउँ-ठाउँमा

» पृष्ठ २ मा क्रमशः



महाशिवरात्रिका अवसरमा पशुपतिनाथको दर्शन गर्न पुगेका दर्शनार्थी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

जीर्णोद्धारको...

पृष्ठ १ बाट क्रमशः

यो भवन अहिले संसद् सचिवालयका पुराना फर्निचर र काम नलाग्ने कागजात राख्ने ठाउँ बनेको छ । भित्तादेखि झ्यालढोकासम्ममा झार उम्रिएको छ । लामो समयसम्म पुनर्निर्माण नहुँदा चर्किएका भित्ताबाट इँटा र भवनका खम्बाहरूको प्लास्टर खस्दै गएको छ । भित्र मुसाको बिगबिगी छ । भवनको अवस्था दिनप्रतिदिन बिग्रिँदै जाँदा राज्यको सम्पत्ति उपयोगविहीन मात्र भएको छैन, कवाडखाना बन्दै छ ।

पूर्वसांसद विरोध खतिवडाले ६ दशक लामो संसदीय इतिहास बोकेको भवनलाई राज्यले जगेर्ना गर्नुपर्ने बताए । 'भूकम्प गएको लामो समयसम्म प्रबलीकरण नगरिँदा भित्ताभरि रुख उर्मिने, भित्र पनि सबै ध्वस्त हुने अवस्था छ । सकभर नभत्काईकन म्युजियमको स्थितिमा जोगाउनुपर्छ । प्रबलीकरण गरेर संरक्षण गर्नुपर्छ । विशेष अवसरको हिसाबमा कुनै न कुनै ढंगबाट जोगाएर राख्नुपर्छ,' उनले भने ।

भूकम्पले जीर्ण बनाएको आठ वर्षसम्म अलपत्र अवस्थामा रहेको भवन बल्ल संघीय सरकारले पुनर्निर्माणको प्रक्रियामा लैजाने तयारी गरेको छ । सहरी विकास मन्त्रालयले भवनको प्रबलीकरण तथा पुनर्निर्माणका लागि ४० करोड रुपैयाँ बजेट छुट्याएको छ । दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का प्रक्रिया अगाडि बढेको छ ।

भवनको इतिहास

पुरानो संसद् भवनको निर्माण वि.सं. १९६५ भएको हो । तत्कालीन समयमा श्री ३ चन्द्रशमशेरले बनाएको ग्यालरी भवन राणाहरूको सांस्कृतिक कार्यक्रम तथा नाचगान गर्ने थलो थियो । २०१५ सालको निर्वाचनबाट जननिर्वाचित सरकार आएपछि वि.सं. २०१६ सालबाट यो भवनमा संसद् बैठक बस्न थालेको हो । राष्ट्रिय पञ्चायत, ०४६ मा बहुदलीय व्यवस्था प्राप्तिपछिको प्रतिनिधिसभा र ०६३ को लोकतान्त्रिक व्यवस्था प्राप्तिपछिको पुनर्स्थापित प्रतिनिधिसभा पनि यसै भवनमा बसेको थियो ।

०४८ देखि लामो समय प्रतिनिधिसभामा रहेका पूर्वसांसद विरोध खतिवडाका अनुसार बहुदलपछि राणाकालीन बंगलाको रूपमा परिचित ग्यालरी बैठकको सजावटमा केही परिवर्तन गरिएको थियो । 'भित्ताभरि राणाहरूले बाघको सिकार गरेका, हात्तीमा बसेर बाघ सिकार गरेका पेन्टिङहरू थिए । ५०-५२ सालमा संसद्मा हत्या गरेका दृश्य देखिने पेन्टिङहरू राखेको भनेर बहस चल्यो, अनि हटाइयो,' खतिवडाले सम्झिए ।

०६३ मा पुनर्स्थापित प्रतिनिधिसभा बसेको भवन ०६४ बाट हलमै परिणत भयो । संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार ०६४ को चुनावपछि ६०१ सांसद निर्वाचित भइसकेपछि यहाँ संसद् चलाउन सकिएन । संविधानसभाको बैठक चलाउन नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (आइसिसी)को भवन भाडामा लिनुपऱ्यो । यसबापत संसद् सचिवालयले वार्षिक १५ करोड भाडा तिर्छ । संसद् आइसिसीमा सरेपछि सचिवालयले पुरानो भवनलाई विभिन्न बैठक गर्ने हलको रूपमा प्रयोगमा ल्याइरह्यो । 'त्यो भवन हामीले आन्तरिक स्टोरको रूपमा प्रयोग गर्‍यौं । संसदीय समितिहरूको संयुक्त बैठक राख्यौं । मित्रराष्ट्रप्रमुखको भ्रमणमा भेटघाटका लागि उपयोग गर्‍यौं,' उनले भने । प्रवक्ता गिरीका अनुसार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पहिलोपटक नेपाल आउँदा केही भेटघाट पुरानो भवनको हलमै भएको थियो । यसैगरी रवीन्द्र अधिकारीको सभापतित्वमा विकास, कृषि र अर्थ समितिको संयुक्त बैठक बसेको थियो ।

सचिवालयले संसद् सेवा दिवस पनि यही भवनमा मनाउँथ्यो । 'ठूलो संख्याको उपस्थितिमा हलमा संसद्भित्रका आन्तरिक कार्यक्रमहरू सञ्चालनमा भवन प्रयोगमै थियो । पुराना फर्निचरहरू भण्डारणका साथै संरक्षण तथा सरसफाइ भइरहेको थियो,' प्रवक्ता गिरीले भने, 'भूकम्पपछि प्रयोगमा आएन ।' भूकम्पलगत्तै पुरानो भवनभित्र भएका केही सामग्री संरक्षण गर्न प्रयास गरेको, केही ऐतिहासिक महत्त्वहरूलाई निकालेर सुरक्षित स्थानमा राखेको उल्लेख गर्दै गिरीले थपे, 'भूकम्प गइसकेपछि पहिलो प्राथमिकतामा भवन पुनर्निर्माण परेन । आमनागरिकका विषयवस्तु, संविधान निर्माण, संक्रमणकालीन अवस्थाले यो प्राथमिकतामा परेन । त्यसरी अलिकति पछाडि पऱ्यो ।'

प्रबलीकरण गर्ने वा भत्काएर नयाँ बनाउने विषयमा तत्कालै निष्कर्षमा पुग्न नसक्दा पनि भवन अलपत्र परेको उनको स्वीकारोक्ति छ । निष्कर्षमा पुग्न नसके पनि भवनलाई संरक्षण गर्ने कार्यमा सचिवालयले आफूले सकेको प्रयास गरेको उनले दाबी गरे । 'भवनलाई रेट्रोफिट गरेर अगाडि बढ्नुपर्छ, यो ऐतिहासिक महत्त्वको भवन हो भन्ने धारणाले पछिल्लो समय यसमा बर्सातको पानी नर्छिनका लागि प्लास्टिक ओढाएर, विभिन्न तरिका अपनाएर जे-जति सकिन्छ उपाय अपनाएर संरक्षणको प्रयास गरेका छौं,' उनले भने ।

पछिल्लो चरणमा सहरी विकास मन्त्रालयले यसलाई रेट्रोफिट गर्नुपर्छ भनेर कार्यहरू अगाडि बढाएको प्रवक्ता गिरीले बताए । 'टेन्डरहरू आह्वान गरेको र बोलपत्र छान्ने कार्य भइरहेको जानकारी छ । यद्यपि, प्रबलीकरण भइसकेपछि यसको प्रयोजन के भन्ने निष्कर्षमा पुग्न बाँकी छ,' उनले भने, 'संसद्कै म्युजियमको रूपमा विकास गर्ने अथवा स्टेट हलको रूपमा विकास गरेर अगाडि बढ्ने भन्ने चर्चा छ । यद्यपि, यसलाई रेट्रोफिट गरेर संरक्षण गर्नुपर्छ भन्ने प्रक्रिया प्रारम्भ भएको अवस्था छ ।'

पुरानो ग्यालरी भवन प्रबलीकरणको योजना अगाडि बढाएकी निवर्तमान सहरी विकासमन्त्री सीता गुरुङले ठेक्का सम्झौताको चरणमा रहेको बताइन् । 'ग्यालरी बैठकका लागि जस्ताको तस्तै प्रबलीकरण गरेर इतिहासको रूपमा, एउटा सांस्कृतिक सम्पदाको रूपमा जीवन्त राख्ने भनेर ४० करोडको ठेक्का प्रक्रिया अगाडि बढिसकेको छ, अब सम्झौताको चरणमा छ । तत्कालै निर्माण अगाडि बढ्छ,' उनले भनिन्, 'त्यसपछाडि बैंक्वेट हल बनाउने कि म्युजियम हल बनाउने भन्ने छ । पुनर्निर्माण भइसकेपछि निर्णयमा जान्छौं ।'

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको विशेष भवन निर्माण आयोजनाका निर्देशक मचाकाजी महर्जनले ग्यालरी भवनको पुनर्निर्माणका लागि बोलपत्र स्वीकृतिको प्रक्रियामा रहेको बताए । 'भवन पुनर्निर्माणको ठेक्का लिन पाँचवटा आवेदन परेको छ । छनोटको चरणमा छ । छनोट भएपछि दुई वर्षभित्र बन्छ,' उनले भने ।

महर्जनले भवनको प्रबलीकरणका साथै आवश्यक पुनर्संरचना पनि गरिने बताए । 'हलभित्र भएका इन्टिटी सकेसम्म क्षति नगरीकन प्रिजब गर्ने खालको मेकानिजम डिजाइन तयार भएको छ । त्यसअनुसार केही इन्टिटी थप्छौं, केही हटाउँछौं, इन्टिटी कम्प्लिट भएपछि त्यो भवन भूकम्पीय दृष्टिकोणले सुरक्षित रहन्छ,' उनले भने ।

१५ वर्षमा आइसिसीलाई डेढ अर्ब भाडा



१ जेठ ०६५ बाट अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र सरेको संघीय संसद्को सचिवालयले हालसम्म करिब डेढ अर्ब आइसिसीलाई तिरेको छ । ०६६ वैशाखसम्मको पहिलो वर्ष पाँच करोड ६३ लाख ३२ हजार एक सय ९२ रुपैयाँ भाडा बुझाएको सचिवालयले दोस्रो वर्ष १ जेठ ०६६ देखि ०६७ वैशाखसम्म ६ करोड १९ लाख ६५ हजार चार सय ११ तिऱ्यो ।

सचिवालयका अनुसार तेस्रो वर्ष (१५ जेठ ०६७-१४ जेठ ०६८) ६ करोड ८१ लाख ६१ हजार नौ सय ५२ रुपैयाँ, चौथो वर्ष (१५ जेठ ०६८-०६९ मंसिरसम्म) सात करोड ४९ लाख ७८ हजार एक सय ४७ रुपैयाँ, पाँचौं वर्ष (१ पुस ०६९-०७० जेठसम्म) तीन करोड ७४ लाख ८९ हजार ७३ रुपैयाँ, छैटौं वर्ष (१ असार ०७०-०७१ असारसम्म) सात करोड ४९ लाख ७८ हजार एक सय ४७ रुपैयाँ, सातौं वर्ष (१ साउन ०७१-०७२ असारसम्म) नौ करोड ६१ लाख, आठौं वर्ष (१ साउन ०७२-०७३ असारसम्म) पनि नौ करोड ६१ लाख भाडा तिरिएको छ ।

त्यस्तै, नवौं वर्ष (१ साउन ०७३-०७४ असारसम्म) १० करोड ५७ लाख १० हजार, १०औं वर्ष (१ साउन ०७४-०७५ असारसम्म) पनि १० करोड ५७ लाख १० हजार नै रहेको छ । ११औं वर्ष (१ साउन ०७५-०७६ असारसम्म) १४ करोड ४१ लाख ७१ हजार नौ सय ९२ रुपैयाँ भाडा तिरिएको छ । १२औं वर्ष (१ साउन ०७६-०७७ असारसम्म) १३ करोड ७१ लाख ९२ हजार १४६, १३औं वर्ष (१ साउन ०७७-०७८ असारसम्म) १३ करोड ६२ लाख आठ हजार सात सय ४४.६४ रुपैयाँ भाडा सचिवालयले तिरेको छ । १४औं वर्ष (१ साउन ०७८-०७९ असारसम्म) १४ करोड २६ लाख ६३ हजार ४०.१२ रुपैयाँ तिरेको सचिवालयले (१ साउन ०७९-०८० असारसम्म) १५ करोड भुक्तानी गरेको छ । चालू वर्षको भाडा भुक्तानी भइसकेको छैन । सचिवालयले हालसम्म कुल एक अर्ब ४९ करोड ७७ लाख ६० हजार आठ सय ४४ रुपैयाँ भाडा सम्मेलन केन्द्रलाई बुझाएको छ ।

माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८०/१०/५ गते भक्तपुर जिल्ला प्रशासन कार्यालयबाट पुरानो ठिमीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : समाट राई
ठेगाना : मध्यपुर ठिमी नपा.-७, भक्तपुर
Reg.No : 783270990223
Symbol No.: 22719885
Contact : 9851194056

Bagmati Province Government
Ministry of Health
Health Directorate
Bhaktapur Hospital
Bhaktapur, Nepal

Tender Cancellation Notice

Contract Identification No : BHB/G/NCB-15/2080-81
Invitation Date : 8th March, 2024

It is notify to all the Bidders that the Invitation for the bid for supply, delivery and installation of Vaporized Hydrogen Peroxide/ Gas Plasma Sterilizer at Bhaktapur Hospital, Bhaktapur (IFB Number: BHB/G/NCB-15/2080-81) published on 8th March 2024 at https://bolpatra.gov.np is hereby cancelled as per public procurement act 2063 section 26.

मलेठ घटनाको सात वर्ष

पीडित परिवारको बेहाल

मधेश सरकारले अझै सार्वजनिक गरेन प्रतिवेदन

राजविराजमा **सौरभ यादव**

सप्तरीको मलेठमा हिंसात्मक घटना भएको बुधबार सात वर्ष पुगेको छ । तर, घटनामा ज्यान गुमाएका परिवारको अवस्था बेहाल छ । कसैलाई कर्जाले सताएको छ भने कोही रोजगारी नहुँदा अरूको खेतमा काम गर्न बाध्य छन् । पाँचजनाको ज्यान गएको सो घटनाबारे मधेश सरकारको प्रतिवेदन दराजमा थन्किएर बसेको छ ।

सप्तरीको राजविराज नगरपालिका- ९ मलेठमा हिंसात्मक घटनामा ज्यान गुमाएका सहिद सञ्जन मेहताका ७२ वर्षीय बुबा लक्ष्मण मेहता र ७० वर्षीया आमा शान्तिदेवी जस्ताले छाएको घरमा पसल चलाउँछन् । दुईकोठे घरको अगाडिको पर्खालमा एउटा फोटो टाँसिएको छ, जहाँ अंग्रेजीमा लेखिएको छ, 'नेसनल हिरो सञ्जन मेहता ।'

घटनाबारे चर्चा हुँदा सञ्जनका आमाबुबा भक्कानिन्छन् । घटनाको सात वर्ष बितिसक्दासमेत उनीहरूको दुःख-व्यथा उस्तै छ । 'छोराका कारण गाउँमा उन्नति भए पनि घरमा वेलावेला रुवाबासी चल्छ । घरको सहारा गुम्दा अहिले बेसहारा भएको छु । नेताहरूले निःशुल्क शिक्षा र रोजगारी दिने भने पनि नदिँदा दश लाख ऋण टाउकोमा थपिएको छ,' सञ्जनका बाबु लक्ष्मणले भने ।

उनले तीन कट्ठा खेत र बस्दै आइरहेको घरजग्गा धितो राखेर कृषि विकास बैंकबाट १० लाख ऋण लिएका छन् । 'नेताहरूले छोरालाई निःशुल्क पढाइदिने वाचा गरे, तर कसैले मद्दत गरेन । बाध्य भएर कर्जा लिएर छोरालाई पढाउँदै छु । बस्ने र खाने उमेरमा अहिले कर्जा चुक्ता गर्नैंकै लागि दिनरात मिहिनेत गर्नुपरिरहेको छ,' उनले भने, 'मेरो छोरा कुनै आन्दोलनकारी थिएन, के कारणले हत्या गरियो ? त्यसको छानबिन गरी दोषीलाई कारबाही गरिनुपर्छ ।'

मलेठ घटनामा ज्यान गुमाएका वीरेन्द्र महतोको परिवारको अवस्था पनि कष्टकर छ । अभिभावकविहीन वीरेन्द्रकी श्रीमती रञ्जना देवीलाई आमाको हेरचाह र स-साना छोराछोरीलाई शिक्षा आर्जन गराउन हम्मेहम्मे परेको छ । उनी तीन छोरी, एक छोरा र आमासँगै बस्दै आएकी छिन् ।

घरमा अभिभावक कोही छैन । घरमा कमाउने कोही नभएकाले अरूको खेतमा काम गरेर छोराछोरीलाई पाल्दै गरेको उनले सुनाइन् । सात वर्षअघिको त्यो कालो दिन सम्झिनासाथ रञ्जना भक्कानिन्छिन्, आँखा भरिन्छ । कोही नयाँ मान्छे भेट्यो कि रुन थाल्छिन् । 'के मेरो श्रीमान्को मूल्य १० लाख रुपैयाँ हो ? गरिबका छोरा मर्छन्, नेताले पद पाउँछ,' उनले भनिन् ।

घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले छानबिन गरे पनि प्रदेश सरकारले प्रतिवेदनमाथि असन्तुष्टि जनाउँदै मन्त्रीस्तरीय छानबिन टोली गठन गरेको थियो । समितिले छानबिन सकेर प्रतिवेदनसमेत प्रदेश सरकारलाई बुझाइसकेको छ । अहिलेसम्म प्रतिवेदन सार्वजनिक गरिएको छैन ।

एमालेले मेची-महाकाली अभियानअन्तर्गत २३ फागुन ०७३ मा सप्तरीको मलेठमा सभा आयोजना गरेको थियो । तत्कालीन मधेशी मोर्चाले एमालेको सभा हुन नदिन विरोधको कार्यक्रम घोषणा गरेको थियो । मोर्चाले सभा हुन नदिने र एमालेले गरेरै छाड्ने अडान लिएपछि हिंसात्मक घटना भयो ।

सुरक्षाकर्मीको बाक्लो उपस्थितिबीच एमालेले कार्यक्रम गर्दा प्रदर्शनकारीको ठूलो संख्या मञ्चतर्फ अघि बढेपछि प्रहरीले गोली चलाएको थियो । प्रहरीको गोली लागेर मलेठका पीताम्बर मण्डल, सञ्जन मेहता, वीरेन्द्र महतो, प्रसौनीका आनन्द साह र जमुनी मधेपुराका इनर यादवको मृत्यु भएको थियो ।

सेनाले मनायो २६१औं स्थापना दिवस

टुँडिखेलमा विशेष समारोह



नयाँ पत्रिका

नेपाली सेनाले महाशिवरात्रि तथा स्थापनाको २६१औं वार्षिकोत्सव मनाएको छ । सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहबीच सेनाको स्थापना दिवस आयोजना भएको हो । समारोहमा नेपाली सेनाको हेलिकोप्टरद्वारा नेपालको राष्ट्रिय झन्डालगायत महाशिवरात्रि तथा सेना दिवसको ब्यानर प्रदर्शनसहित पुष्पवृष्टि गरिएको थियो ।

कार्यक्रममा राइफल र तोपबाट बढाइँ गरिनुका साथै विविध सैनिक कला र सांस्कृतिक एवं सांगीतिक प्रस्तुति गरिएको थियो । राष्ट्रपति तथा नेपाली सेनाका परमाधिपति रामचन्द्र पौडेलले वीर स्मारकमा पुष्पाहार चढाई सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गरे । उनले नेपाली सेनाको वार्षिक प्रकाशन सिपाही-२०८० विमोचन गरे ।

राष्ट्रपतिले सेना दिवसका अवसरमा दिएको सन्देशमा राष्ट्र र जनताको हितमा निरन्तर सक्रिय हुन आग्रह गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र रक्षामन्त्री हरि उप्रेतीले पनि सन्देश दिएर सेनालाई शुभकामना दिएका छन् । टुँडिखेलमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले फ्रि-फल जम्पमा प्रथम र द्वितीय हुने क्रमशः अमल्दार टंकबहादुर डाँगी र सेनानी जगन्नाथ दनैलाई पुरस्कार प्रदान गरे ।

यस्तै, सांगीतिक प्रस्तुति दिने भारत, बेलायत र संयुक्त राज्य अमेरिकाका सैनिक ब्यान्ड टोलीका प्रमुखहरूलाई पनि उनले उपहार प्रदान गरे । कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री प्रचण्ड, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरेलगायत विशिष्ट व्यक्तिहरू सहभागी थिए ।

न्याय स्थापित गर्न घरपरिवारबाटै सोच परिवर्तन गर्नुपर्छ : राष्ट्रपति

राष्ट्रपति रामचन्द्र पौडेलले लामो संघर्ष र लडाइँबाट प्राप्त अधिकारलाई व्यवहारमा उतारेर समानता र न्याय स्थापित गर्न घरपरिवारबाटै संस्कार र सोच परिवर्तन गर्नुपर्ने बताएका छन् । ११४औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयद्वारा शुक्रबार यहाँ आयोजित समारोहमा बोल्दै राष्ट्रपति पौडेलले यस्तो बताएका हुन् ।राष्ट्रपति पौडेलले नेपालमा सबैभन्दा बढी श्रम गर्ने वर्ग अपमानित भएकोमा चिन्ता प्रकट गर्दै श्रमको सम्मान गर्ने संस्कारको विकास जरुरी रहेको पनि बताए ।

राष्ट्रपति पौडेलले जनसंख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको आर्थिक, सामाजिक, राजनीतिकलगायत विकासका विविध आयाममा समान र अर्थपूर्ण सहभागिताविना आर्थिक सशक्तीकरणका राष्ट्रिय आकांक्षा पूरा हुन असम्भवजस्तै भएको बताए । उनले वर्तमान अवस्थामा राजनीतिक, आर्थिक एवं सामाजिक क्षेत्रमा महिलाको प्रतिनिधित्व क्रमशः वृद्धि भएको उल्लेख गरे ।

भरतपुरकी मेयर दाहाललाई 'इन्टरनेसनल मेयर अवार्ड'



भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहाल 'इन्टरनेसनल मेयर अवार्ड'द्वारा सम्मानित भएकी छिन् । बेलायतको संसद् भवन 'हाउस अफ कमन्स'मा गएराति आयोजित विशेष समारोहमा उनलाई लन्डनका मेयर सादिक खानले उक्त अवार्ड प्रदान गरेका हुन् ।

पोलिटिकल एन्ड पब्लिक लाइफ अवार्डअन्तर्गत सन् २०२४ को मेयर अवार्ड दाहाललाई प्रदान गरिएको हो । समारोहमा मरिससकी पहिलो महिला राष्ट्रपति अमिना गुरिब फकिमलगायत उच्च व्यक्तित्व सहभागी थिए । सो अवसरमा मेयर खानलाई लोकल गभर्मेन्ट अवार्ड, राष्ट्रपति फकिमलाई इन्टरनेसनल वेमन अफ दी इयर अवार्ड प्रदान गरिएको थियो । पोलिटिकल एन्ड पब्लिक लाइफ अवार्डअन्तर्गत सन् २०२४ मा उक्त अवार्ड बेलायतलगायत विभिन्न देशका फरक-फरक क्षेत्रमा ख्यातिप्राप्त २४ जनालाई प्रदान गरिएको हो ।

यस वर्ष उक्त अवार्ड पाउनेमा बेलायतका उपप्रधानमन्त्री ओलिभर डाउडेन, प्रमुख विपक्षी दल लेबर पार्टीकी उपनेता एन्जेला रेनर, सीप तथा शिक्षासम्बन्धी राज्यमन्त्री रोबर्ट हालफन, लेबर पार्टीका अन्तर्राष्ट्रिय व्यापार छायामन्त्री ग्यारेथ थोमस, भारतका पूर्वमन्त्री सुरेश प्रभु, मौरिससकी पूर्वराष्ट्रपति फकिम, बेलायत वेल्स राज्यकी सांसद नताशा अस्गर पनि रहेको प्रमुख दाहालले जानकारी दिइन् ।

अवार्ड प्राप्त गरेपछि प्रमुख दाहालले उच्च राजनीतिक नेतृत्वबीच सम्मानित हुन पाउँदा आफू गौरवान्वित भएको बताइन् । नेपालमा स्थानीय तहमा भौतिक निर्माणसहित अन्य सूचकमा भरतपुर महानगरपालिका अग्रणी रहेको छ । प्रमुख दाहालले यसअघि बेलायती उपसभामुख एवं सांसदसँग भेटवार्ता गरेकी थिइन् । प्रमुख दाहालले बेलायती संसद् हाउस अफ कमन्सका उपसभामुख नाइजेल इभान्स तथा सत्तारूढ कन्जरभेटिभ सांसद एवं पूर्वमन्त्री डिन रसेल र प्रमुख प्रतिपक्षी दल लेबरका सांसद वीरेन्द्र शर्मासँग संसद्मा भेटघाट गरेकी थिइन् । यसक्रममा प्रमुख दाहालले बेलायतका उच्च अधिकारीहरूलाई भरतपुर भ्रमण वर्ष २०२४ को निम्तो दिएकी थिइन् ।

नागरिक उन्मुक्तिका...

पृष्ठ १ बाट क्रमशः

राज्यमन्त्री रहेका कैलाश चौधरीलाई फिर्ता बोलाएर गिरीलाई राज्यमन्त्रीमा पठाएको हो ।

मुख्यमन्त्री शाहले तीन मन्त्री थपेर नागरिक उन्मुक्तिको समर्थन कायम राखे पनि सरकारले बहुमत पाउने अवस्था बनिसकेको छैन । ५३ सदस्यीय प्रदेश सभामा बहुमतका लागि २७ सदस्यको समर्थन आवश्यक पर्छ । तर, सरकारको पक्षमा मुख्यमन्त्री शाहको पार्टी कांग्रेसका १८ र नागरिक उन्मुक्तिका सात गरी २५ सदस्यको मात्र समर्थन छ । स्वतन्त्र सांसदले यसअघि मुख्यमन्त्रीलाई विश्वासको मत दिए पनि हाल उनी प्रतिपक्ष छन् ।

मुख्यन्त्री शाहले एक सदस्य रहेको राप्रपा र प्रदेश सभामा रहेका एक स्वतन्त्र सांसदको समर्थन जुटाएर बहुमत पुऱ्याउन छलफल थालेका छन् । राप्रपा र स्वतन्त्र सांसदलाई उनले मन्त्रीको प्रस्ताव गरे पनि सरकारमा सहभागी हुनेबारे सहमति भइसकेको छैन । मुख्यमन्त्रीबाट मन्त्री बन्न प्रस्ताव आए पनि आफूले सरकारमा जाने सोच नबनाएको स्वतन्त्रबाट निर्वाचित प्रदेश सांसद डा. तारा जोशीले बताए । 'मन्त्रीको प्रस्ताव आएको छ, तर मैले सरकारमा जाने सोच बनाएको छैन,' उनले भने ।

राप्रपा पनि सरकारमा जान तयार भइसकेको छैन । राप्रपाका सांसद खिमादेवी विष्टले सरकारमा जाने-नजाने विषय पार्टी केन्द्रले नै निर्णय गर्ने बताइन् । राप्रपा र स्वतन्त्र सांसदले समर्थन गरेको अवस्थामा सरकारलाई बहुमतका लागि आवश्यक २७ सिट पुग्छ ।

स्रोतका अनुसार राप्रपा र स्वतन्त्र सांसदलाई सरकारमा सहभागी गराउन एक मन्त्रालय थप्ने तयारी छ । प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सात मन्त्रालय रहेकोमा दुई मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्री शाहले आफैंसँग राखेका छन् । नागरिक उन्मुक्तिबाट शपथ लिएका खुसीरामको मन्त्रालयको टुंगो लागेको छैन । राप्रपा र स्वतन्त्र सांसद सरकारमा सहभागी हुन सहमत भए मन्त्रालय थप्ने वा मुख्यमन्त्रीले आफ्नो पार्टीका एक मन्त्री फिर्ता बोलाउनुपर्नेछ । कांग्रेसबाट मुख्यमन्त्रीसहित तीन मन्त्री छन् ।

सरकारमा सहभागिताको विषयलाई लिएर नागरिक उन्मुक्तिभित्र भने विवाद चर्किएको छ । गठबन्धनको पक्षमा माओवादीका सभामुखबाहेक १०, एमालेका १० र एकीकृत समाजवादीका चार गरी २४ सिट छ । नागरिक उन्मुक्तिको समर्थनविना गठबन्धनले पनि सरकार गठन गर्न सक्ने अवस्था छैन । कांग्रेसबाट निर्वाचित एक सदस्यको दुर्घटनामा निधन भएपछि प्रदेश सभामा अहिले ५२ सदस्य छन् ।

आठ लाखले...

पृष्ठ १ बाट क्रमशः

चहकिला लाइट जडान गरिएको थियो ।

कोषले शिवरात्रिको मुख्य आकर्षण दर्शन नै भएकाले यसका लागि सहज व्यवस्था मिलाएको दाबी गरेको छ । चारवटा प्लाइट तिलगंगा, गौशाला प्रहरी वृत्तअगाडि, जयबागेश्वरी र एयरपोर्टतर्फका प्वाइन्टबाट भक्तजन लाइनमा बसेका थिए । महाशिवरात्रिका दिन यसपटक पाँच हजार सुरक्षाकर्मी परिचालन गरिएको थियो । शिवरात्रि व्यवस्थित बनाउन कोषका सदस्यसचिवको संयोजकत्वमा सुरक्षा व्यवस्था उपसमिति गठन गरिएको थियो । त्यस्तै, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान प्रहरी र सेनाले शान्ति-सुरक्षाको व्यवस्था मिलाएका थिए ।

आइतबार साधुसन्तलाई बिदाइ

शिवरात्रिको अवसरमा यसपटक साधुसन्तको संख्या पनि उल्लेखनीय थियो । पशुपतिनाथको मुख्य मन्दिरपरिसरमा मात्रै सात सय ५० जना थिए । यसबाहेक राम मन्दिर र बाहिरी क्षेत्रमा दुई हजार हाराहारी साधुसन्त थिए । त्यसमध्ये दुई सय २० जना नागा बाबा थिए । शिवरात्रि सकिएसँगै उनीहरूलाई आइतबार विधिपूर्वक बिदाइ गरिनेछ । कोषले पशुपतिनाथमा आएका साधुसन्तलाई दक्षिणा दिएर बिदाइसमेत गर्छ ।

राष्ट्रपतिद्वारा दर्शन र पूजा

राष्ट्रपति रामचन्द्र पौडेलले महाशिवरात्रिको अवसरमा पशुपतिनाथ मन्दिरको दर्शन गरे । साँझ ४:३० बजे मन्दिर पुगेर राष्ट्रपतिले पूजा तथा आराधना पनि गरे । पूजा-आराधनापछि पशुपतिनाथ मन्दिरका मूल भट्टबाट राष्ट्रपति पौडेलले प्रसाद ग्रहण गरेका थिए ।

राष्ट्रपति पौडेललाई पशुपति क्षेत्र विकास कोषका सञ्चालक परिषद्का अध्यक्षसमेत रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ, कोषका सदस्यसचिव राजु खत्रीलगायतले स्वागत गरेका थिए । महाशिवरात्रिको अवसरमा पशुपतिनाथ मन्दिरमा पूजा-आराधना एवं दर्शन गर्ने परम्परा रहँदै आएको छ ।

कतिपय बाह्यशक्ति...

पृष्ठ १ बाट क्रमशः

भएकाले यो पार्टीका लागि सफलता हो, त्यसैले हामी यो गठबन्धनलाई जोगाएर परिणाम दिने गरी सरकारले गर्ने काममा सहयोग पुऱ्याउनुपर्छ ।'

बैठकपछि महासचिव शंकर पोखरेलले सत्तासमीकरणमा आएको परिवर्तनलाई सचिवालयले सकारात्मक रूपमा ग्रहण गरेको बताए । उनले जनतामा आशा र विश्वास जगाउने काममा सकारात्मक योगदान गर्नुपर्ने निष्कर्ष निकालिएको बताए । 'मुलुकको सत्तासमीकरणमा आएको परिवर्तनलाई पार्टीले सकारात्मक रूपमा ग्रहण गरेको छ । आज मुलुकमा जुन प्रकारको संकटको अवस्था सिर्जना भएको छ, त्यसलाई सकारात्मक दिशामा अगाडि बढाउने कुरामा, जनतामा आशा र विश्वास जगाउने कुरामा, मुलुकको राजनीतिक स्थायित्व र विकासमा टेवा पुऱ्याउने हिसाबले एमालेको तर्फबाट सकारात्मक योगदान गर्नुपर्छ भन्ने निष्कर्षमा हामी रहेका छौं,' पोखरेलले भने, 'अहिलेको अवस्थामा जनताको निराशालाई आशामा बदल्ने, मुलुकको हित र राष्ट्रिय स्वाभिमानलाई उच्च बनाउने, विकास र समृद्धिका कामलाई तीव्रता दिने सन्दर्भमा नयाँ सहकार्य फलदायी बनाउनुपर्छ, अनुकूलता सिर्जना गरेको छ भन्ने निष्कर्ष बैठकले निकालेको छ ।'

बैठकमा ओलीले न्यूनतम साझा कार्यक्रममार्फत सबै क्षेत्रमा देखिएका समस्या र जनअसन्तुष्टि सम्बोधन गर्ने गरी सरकार केन्द्रित हुने बताएका थिए । 'देशमा देखिएको आर्थिक मन्दी, सहकारी क्षेत्रको समस्या, मिटरब्याजपीडितको समस्या, किसानले पाउनुपर्ने दुधको उचित मूल्यलगायत सबै क्षेत्रको समस्या समाधान गरेर जनअसन्तुष्टि सम्बोधन गर्ने गरी न्यूनतम साझा कार्यक्रम ल्याएर सरकार परिणाममुखी काममा केन्द्रित हुनेछ, त्यसका लागि पार्टीले पनि सहयोग गर्नेछ,' ओलीको भनाइ थियो । उनले प्रधानमन्त्रीलाई सहयोग पुग्ने गरी मन्त्रालय बाँडफाँट र मन्त्री छनोट गरिएको पनि अवगत गराएका थिए ।

८ र ९ वैशाखमा महाधिवेशन प्रतिनिधि परिषद्

एमालेले पार्टी स्थापना ७५ वर्ष प्रवेश गरेको दिन १० वैशाखलाई विशेष समारोहका रूपमा मनाउन ८ र ९ वैशाखमा महाधिवेशन प्रतिनिधि परिषद् बैठक बोलाएको छ । काठमाडौंमा आयोजना हुने परिषद् बैठकमा देशभरबाट करिब दुई हजार पाँच सय प्रतिनिधि परिषद् सदस्य सहभागी हुनेछन् ।

स्थापना दिवसमा सार्वजनिक गर्ने गरी एमालेले पार्टीको इतिहाससम्बन्धी पुस्तक, मुलुकको राजनीतिक परिवर्तन र विभिन्न आन्दोलनमा पार्टीले खेलेको भूमिकाबारे बेग्लाबेग्लै दुई पुस्तक प्रकाशनको तयारी गरिरहेको छ । त्यसका लागि पदाधिकारी तहका नेताहरूको नेतृत्वमा अलगअलग टिम सक्रिय छ ।

त्यस्तै, पहिलो महाधिवेशनदेखि दर्शौं महाधिवेशनसम्मका झलक आउने गरी वृत्तचित्र निर्माण, भूमिगतकालका सहयोगीहरूको सम्मान गर्नेलगायतको कार्यक्रम पनि राखेको छ । समारोहमा एमालेले विभिन्न विदेशी पाहुनालाई समेत निम्त्याउने गरी तयारी गरिरहेको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार २६ फागुन ०८०
nayapatrikaofficial @naya_patrika

सहरको कथा



किशोर थापा

सहरमा प्लानिङ होइन, प्लटिङ भयो



आफ्नो घर आफैँ बनाऔँ सिद्धान्तले सहर व्यवस्थित हुँदैन

नेपालमा सहरीकरण रफ्तारमा भइरहेको छ। तर, व्यवस्थित सहर बसाउन सकिएको छैन। सहर बसाउन पहिला 'प्लानिङ' गरिनुपर्थ्यो। विदेशतिर त्यसै गरिन्छ। तर, हाम्रोमा 'प्लटिङ' गरेर सहर बसाइँदै छ। घरजग्गा कारोबारी र सर्भेयरले सहर नक्सांकन गरिरहेका छन्। जग्गा व्यवसायीहरूले जताजता भन्छन्, सर्वेयरले त्यतैत्यतै बाटो खोलेर कित्ताकाट गरिदिन्छन्। नेपालका अधिकांश सहर यसै कुरूप बनेका होइनन्।

नेपालमा धेरै पुराना सहर पनि छन्। काठमाडौं उपत्यकामा मल्लकालीन र लिच्छवीकालीन सहर भेटिन्छन्। जुन अझै जीवितै छन्। त्यो वेलाका शासकले प्लानिङ गरेरै व्यवस्थित सहर बसाइएको पाइन्छ। काठमाडौंको न्युरोड, ललितपुरको पाटन, भक्तपुरका पुराना सहर निश्चित मापदण्ड, योजना र सिद्धान्तबाट बनेका हुन्। निकै वैज्ञानिक ढंगले बस्ती बसाइएको थियो। न्युरोडको डिजाइन खड्ग आकारमा छ।

नेपाल पहाडी मुलुक हो। तराई र पहाडमा मालवस्तु ओसारपसार गर्ने नाका-नाकामा बजार बसेको पाइन्छ। ती बजार पनि सुरक्षा, प्रशासनिक र रणनीतिक दृष्टिकोणले बनेका थिए। सेनाका गढीहरू कालान्तरमा बजारमा परिणत भए। जहाँ गढी हुन्थ्यो, त्यहाँ बस्ती वा बजार बस्थ्यो। सैनिकहरू परिवारसहित बस्थे। उनीहरू बसेपछि शिक्षा र स्वास्थ्यसँगै व्यापार पनि हुन्थ्यो। पछि तीनै बजारहरू आधुनिकीकरण भई जिल्ला सदरमुकाम, अञ्चल सदरमुकाम र सहरमा परिणत भए।

पहाडको टुप्पामा रहेका जिल्ला सदरमुकाम पनि बेँसी झरे। राजमार्ग बनेपछि तल सुविधा बढ्यो। सारा सुविधा बेँसीमा पाइन थालेपछि पहाडको टुप्पामा बसेर व्यवहार चलाउन गाह्रो भयो। त्यसपछि पहाडका टुप्पाका सदरमुकाम तल झरे। जस्तै, तनहुँको बन्दीपुरमा रहेको सदरमुकाम दमौली झऱ्यो। लमजुङको सुन्दर बजार बेँसीसहरमा झऱ्यो। राजा वीरेन्द्रका पालामा पाँच विकास क्षेत्र बने। तिनका सदरमुकाम पनि समथर फाँटमा बसे।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग निर्माण सुरु भएपछि त्रिभुवन राजपथ, सिद्धार्थ राजमार्ग, अरनिको राजमार्गलगायत बन्दै गए। राजमार्गछेउमा बस्ती बस्न थाल्यो। तराईमा औलो उन्मूलन भएपछि पहाडबाट व्यापक बसाइँसराइ भएपछि सहर बन्न थाले। कतिपय ठाउँमा सरकार आफैंले योजना बनाएर सहर बसाएको थियो। चितवनको भरतपुर, हेटौंडा, विराटनगर, धरान, बुटवल, भैरहवा, नेपालगन्ज, कोहलपुर, टीकापुर, महेन्द्रनगर, धनगढी, सुर्खेत, घोराही, तुलसीपुर योजना बनाएर बसाइएका हुन्।

■ पञ्चायतकालमा व्यवस्थित बस्ती बसाउने प्रयास

पञ्चायतकालमा व्यवस्थित रूपमै सहर बसाउने काम भइरहेको थियो। पञ्चायतपछि व्यवस्थित सहर पनि विस्तार हुने क्रममा भद्रगोल बन्दै गए। बहुदल आयो, प्रजातन्त्र आयो, अब जसले जे गरे पनि हुन्छ भन्ने भएपछि राम्रा सहर पनि बिग्रिन थाले। मान्छे जथाभावी स्थानान्तरण हुन थाले। तीव्र बसाइँसराइ हुन थालेपछि सहर निर्माणमा 'प्लानिङ' होइन, 'प्लटिङ'ले प्रश्रय पायो। जसले जहाँ जस्तो मन लाग्यो त्यस्तै प्लटिङ गर्न थाले। व्यवस्थित सहरीकरण भन्ने नै भएन। त्यसैले त अधिकांश सहर भद्रगोल बने। ०४७ सालदेखि ०५७/५८ सालसम्म ल्यान्डपुलिङको अवधारणाबाट कतिपय ठाउँमा व्यवस्थित बस्ती बसाइयो। त्यसलाई सहरै नभनौं, सहरको एउटा खण्ड व्यवस्थित बनाउने काम भयो।

दाङको घोराही, तुलसीपुर, काठमाडौं उपत्यकामा पेप्सीकोला, खुसिबु, सामाखुसी, कमलविनायक, डल्लु, लुभु, भैंसेपाटीलगायत ठाउँहरू ल्यान्डपुलिङ गरेर व्यवस्थित घडेरी विकास गरी बस्ती बसाइएका हुन्। उपत्यकाबाहिर नेपालगन्जमा बागेश्वरी मन्दिरदेखि बसपार्कसम्म चार किलोमिटर रोड नै ल्यान्डपुलिङ गरेर बनाइएको हो। त्यो पकेट-पकेटमा मात्र भयो। तीव्र बसाइँसराइ थेम्ने गरी प्लानिङ भएन। ती ठाउँमा विकसित घडेरी अत्यन्तै कम भए। जुन रफ्तारमा सहर विस्तार भएरहेको छ, त्यसको १०/१५ प्रतिशत माग पनि धान्न सकेन।

०४६ साल र ०६२/६३ पछिको राजनीतिक परिवर्तनपछि काठमाडौंको जनसंख्या ह्वात्तै बढ्यो। माओवादी सशस्त्र द्वन्द्वमा गाउँगाउँबाट मान्छे लखेटिए। त्यो समय सक्नेहरू राजधानी छिरे। कतिपय तराईका सहर, जिल्ला र अञ्चल सदरमुकाम छिरे। त्यो पनि नसक्ने जिल्लाकै बजारतिर झरे। पञ्चायतकालमा पहाडबाट तराईतिर बसाइँसराइ भएको थियो। माओवाद्धी द्धन्द्धमा गाउँबाट सहरमा बसाइँसराइ भयो। कपन एरिया ०६२ पछि विस्तार भएको हो। काँडाघारी, कटुञ्जे, सुनाकोठी, थैव, गोदावरी, भैंसेपाटी, ठेँचो, चन्द्रागिरि, थानकोट, कीर्तिपुर, टोखा, बुढानीलकण्ठलगायत उपत्यकाका पकेट क्षेत्र पछि बनेका हुन्।

सहरीकरणमा दुई प्रवृत्ति हुन्छन्, एउटा कृषि पेसाबाट गैरकृषि पेसामा स्थानान्तरण हुने र अर्को ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइँ सर्ने। नेपालमा कृषिमा मान्छे घट्दै छन्।

दुई दशकदेखि भित्रिरहेको रेमिट्यान्सले पनि सहरीकरण र बसाइँसराइ बढाउन भूमिका खेलिरहेको छ। गाउँकै मान्छे विदेश जान्छ। ऊ फर्केर गाउँमा लगानी गर्दैन। ऊ पहाडमा बस्थ्यो भने तराई झर्छ। सहरतिर छिर्छ।

पहिला केन्द्रीकृत प्रणाली थियो। अब स्थानीय तहले गर्नुपर्छ भनियो। तर, व्यापक रूपमा विस्तार भइरहेको सहरीकरण र बसाइँ सरेर आउनेलाई व्यवस्थित गर्ने गरी नगरपालिकाले व्यवस्थित बसाइँका योजना ल्याउन सकेका छैनन्। आफू एक्लै नसके निजी क्षेत्रसँग मिलेर योजना ल्याउनुपर्थ्यो। त्यो पनि गर्न नसकेको देखियो। उपत्यकादेखि, तराई र पहाडी तथा हिमाली जिल्लामा निर्माण गर्ने भनेर घोषणा गरिएका नयाँ सहर, स्मार्ट सिटीका परियोजना अलपत्र परे।

संसारमा धेरै सहर बाह्य लगानीमा स्थापित भएका छन्। अहिले एउटा भवन बनाउनै अर्ब लाग्न थाल्यो, सहर बनाउन त खर्ब लाग्छ। हामीले निजी क्षेत्र वा बाह्य लगानी ल्याएर सहर विकास गर्न सक्थ्यौं। निजी क्षेत्रलाई कोलोनी, अपार्टमेन्टदेखि सानातिना सहरै बनाउने जिम्मा दिइनुपर्छ। ठूला कोलोनी, अपार्टमेन्टदेखि सहरै बनाउन भन्दै घरजग्गा व्यवसायीले ५० अर्ब पुँजीको कम्पनी बनाउँदै छन्। त्यो अभियानलाई निरुत्साहित गर्ने होइन, जग्गाको हदबन्दी फुकुवा, कर छुट, खानेपानी, सडक, बिजुली, ढललगायत आधारभूत पूर्वाधार पुऱ्याइदिएर प्रोत्साहित गर्नुपर्छ।

> अब आफ्नो घर आफैं बनाऔं भन्ने परिपाटी बदल्नुपर्छ। आफ्नो घर अरूले बनाउने हो। घर डेभलपरले बनाउँछन्, बैंकले कर्जा दिन्छन्, उपभोक्ताले बनिबनाउ घर खरिद गर्ने हो। डेभलपरले पनि व्यवस्थित बस्ती बसाउनुपर्छ। त्यसमा सरकारले अनुगमन र सहजीकरण गर्नुपर्छ।

सहर भनेको दीर्घकाललाई हो। सहरमा आज गरेको लगानीको प्रतिफल २० वर्षपछि आउने हो। भक्तपुरले पर्यटन विकास गऱ्यो भन्थौं नि। त्यहाँ पञ्चायतकालमै भक्तपुर विकास परियोजनाले १३ वर्ष लगाएर गरेको लगानीको रिटर्न हो। नत्र, भक्तपुरमा हरेक वर्ष हैजा लाग्थ्यो। सयौं मान्छे मर्थे। त्यो बाटो हिँड्दा पनि हैजा लाग्छ भन्थे। अहिले पर्यटक आएर रमाउने गर्छन्।

■ कसले बनाइरहेछ सहर ?

बस्ती बढ्दै जाँदा सहर आफैं बनिरहेका छन्। सहर त सहरै हुन्, तर अव्यवस्थित। घरको एकाइ कोठाकोठा भएजस्तै सहरको एकाइ ब्लक-ब्लक हुन्छ। सहर ब्लक-ब्लक मिलेर बन्छ। विदेशमा ब्लक-ब्लक बनाइएको हुन्छ। ब्लक भनेको सहरको एउटा एकाइ हो। ब्लक-ब्लक मिलेर सेक्टर बन्छ। यो उपनगरजस्तो हो। इन्डियाको नोयडामा-सेक्टर सेक्टर बनाएर व्यवस्थित सहरीकरण भइरहेको छ।

इन्डियाले अहिले पनि ठुल्ठूला व्यवस्थित सहर निर्माण गरिरहेको छ। सहरभित्र सहर बनिरहेका छन्। ग्रेटर नोयडा ठूलो नयाँ विकसित सहर हो। उनीहरूले नोयडालाई स्मार्ट सिटी बनाइरहेका छन्। भन्दै छन्, 'स्मार्ट सिटी कस्तो हुन्छ विश्वलाई देखाउँछौं।'

■ प्लटिङ कि प्लानिङ ?

अहिले प्लानिङ भइरहेको छैन, प्लटिङ भइरहेको छ। घरजग्गा व्यवसायी र सर्भेयरले कित्ताकाट गरेर बनेको सहर हो। कम्फर्ट हाउजिङ, सनराइज, सिभिल होम्सलगायत डेभलपर कम्पनीले पनि एक समय ठूलै लगानी गरे। व्यवस्थित आवास परियोजना बनाए। राज्यले उनीहरूलाई प्रोत्साहन गर्नुपर्थ्यो। व्यवस्थित बस्ती र सहर विकासमा निजी क्षेत्रको भूमिका अग्रणी हुन्छ। डेभलपर कम्पनीले प्रोजेक्ट ल्याउँथ्यो, बैंकले लगानी गर्थ्यो र व्यक्तिले घरघडेरी किन्थ्यो। अबको अर्बान प्लानिङले मान्छेको लाइफलाई पनि व्यवस्थित गर भन्छ। पहिला घर, सडक, खानेपानीलगायत पूर्वाधार भए पुग्थ्यो। अहिले ह्युमन फ्याक्टर हेरिन्छ। मान्छेको आवश्यकता हेरेर सहर विकास गरिन्छ। मान्छेको जीवन व्यवस्थित गर्नुपर्छ।

सहर भनेको गैरकृषि पेसामा आधारित जनसंख्याको बसोवास गर्ने पूर्वाधारयुक्त बस्ती हो। जहाँ सडक, खानेपानी, बिजुली, ढल निकास, फोहोरमैला व्यवस्थापन, इन्टरनेट, पार्क, लाइब्रेरी, स्कुल, कलेज, स्वास्थ्यचौकी, खुला ठाउँलगायत हुनुपर्छ। यसका पनि हाइरार्की हुन्छन्। काठमाडौं सहरका लागि टुँडिखेल खुला ठाउँ हो। बुद्धनगरका लागि युएन पार्क खुला ठाउँ हो। सेक्टर सेक्टरको, ब्लकको आ-आफ्नै खुला ठाउँ हुनुपर्छ। हाम्रा सहरमा त्यस्तो पाइँदैन। सहरको सबै ठाउँमा चार लेनको सडक चाहिँदैन। ब्लकमा पस्ने सडक सानो भए पनि हुन्छ। सहरको आकार दिने पूर्वाधारले नै हो। बाटो जस्तो बनायो, सहरको स्वरूप त्यस्तै बन्छ।

सीमित जग्गा भएको ठाउँमा पूर्वाधार बनाउँदा भर्टिकलमा जानुपर्छ। जापानमा रेल नै तीन तहको छ। टपमा बुलेट ट्रेन, सतहमा जापान रेलवे, जमिनमुनि मेट्रो कुदछ। रोड पनि तीन तहको हुन्छ। किनभने जापानमा पनि जमिनको अभाव छ। यहाँ पनि त्यसै गर्नुपर्ने हुन्छ। सहर भनेको जीवन्त चिज हो। यसलाई रिफ्रेस र रिन्यु गर्न सकिन्छ। घरको पनि आयु हुन्छ। त्यो पुरानो भएर भत्काउँदा व्यवस्थित बनाउन सकिन्छ।

पुराना बस्तीहरूलाई पनि पुनर्निर्माण गर्ने, पुनर्विकास गर्ने यो संसारभरि चलिरहन्छ। खाली ठाउँमा योजना बनाएर बस्ती बसाउन सकिन्थ्यो। त्यहाँ पनि हामी चुकेका छौं। आकाशबाट हेर्दा काठमाडौंमा मल्लकालीन सहर बस्ती झुरुप्प परेर बसेको देखिन्छ। केही निजी व्यवसायीले गरेका हाउजिङ पनि देखिन्छन्। बाँकी बस्ती गज्याङ्गुजुङ देखिन्छन्। हाउसपुलिङ गरेर गज्याङ्गुजुङ बस्ती व्यवस्थित गर्न सकिन्छ। पुराना बस्ती र सम्पदालाई पुरानै शैलीमा पुनर्निर्माण गर्नुपर्छ। अब हामीले पुरानोलाई व्यवस्थित गर्दै जाने हो। जहाँ नयाँ बस्ती बस्छ, त्यहाँ आधुनिक सुविधासहित प्लानिङ गरेर व्यवस्थित बस्ती बसाल्ने हो।

■ मध्यमवर्ग समेटिएन

मध्यम वर्ग ठूलो उपभोक्ता हो। आवासको खाँचो पनि मध्यम वर्गलाई नै बढी चाहिएको छ। सो वर्गको आवश्यकता पूरा गर्ने गरी आवासलाई कसरी बनाउने भन्ने मुख्य कुरा हो। अहिलेकै अवस्थामा मध्यम वर्गले सहरमा घर वा अपार्टमेन्ट किनेर बस्न सक्ने स्थिति छैन। नेपालमा सरकारले अपार्टमेन्ट बनाएर बिक्री गर्ने परिपाटी छैन। आवासलाई अफर्डेबल बनाउन निर्माण लागत घटाएर हो। घरमा सबैलाई उत्तिकै विलासी सुविधा चाहिँदैन। सुविधा थपघट गर्न सकिन्छ। इटालियन मार्बल नै बिच्छ्याउनुपर्छ भन्ने छैन। सबैलाई दुई वा तीन बेडरुम अपार्टमेन्ट नचाहिएला। सबैले घर खोज्छन् भन्ने पनि छैन। कतिपयलाई 'अनरसिप' मन पर्दैन। विनाझन्झट रेन्टमा अपार्टमेन्ट वा घर लिएर बस्ने चाहना पनि हुन सक्छ।

■ काठमाडौंमा अपार्टमेन्ट कि हाउजिङ ?

संसारभर अपार्टमेन्ट कल्चर रहरले आएको होइन। धेरै अपार्टमेन्टमा बस्न मन पराउँदैनन्, चाहे अमेरिकन होस्, चाहे युरोपियन। अमेरिकामा युरोप र इन्डियामा भन्दा पनि कम अपार्टमेन्ट छन्। किनभने, त्यहाँ अहिले पनि सस्तो ब्याजमै घरकर्जा पाउँछ। अमेरिका, अस्ट्रेलियातिर हाउजिङको फाइनान्सिङ २० वर्ष लगाएर तिर्छन्, तर भव्य घरमा बस्छन्। त्यहाँ कमाउन सुरु गरेपछि घर र गाडी भइहाल्छ। हाम्रोमा त्यस्तो छैन।

काठमाडौंजस्ता सहरमा सीमित ठाउँ हुन्छ, तर जनसंख्या ठूलो हुन्छ। त्यसैले बाध्यतावश अपार्टमेन्टको विकल्प छैन। अब बंगला टाइपको घर अफर्डेबल छैन। व्यावहारिक पनि छैन। काठमाडौंमा जुनसुकै कुनामै पुग्दा पनि चार आनाको करोडभन्दा बढी पर्छ। अब घडेरी किन्ने कि घर बनाउने ?

अब डेभलपरले व्यवस्थित आवास (घर/अपार्टमेन्ट) बनाइदिने, बैंकले सस्तोमा ऋण दिने र ग्राहकले किन्ने व्यवस्था हुनुपर्छ। आम्दानीअनुसार २० वर्षका लागि सस्तो ब्याजदरमा कर्जा पाइयो र सर्वसुलभ मूल्यमा आवास पाए धेरैले किन्छन्। सहरका कुनाकाप्चासम्म सहज यातायातको व्यवस्था गरेर त्यहाँ जग्गा अधिग्रहण गरी ठूला अपार्टमेन्ट बनाउन सकिन्छ। अपार्टमेन्टलाई किफायती बनाउन सकिन्छ। मैले डेभलपरलाई भन्दै आएको छु, मध्यम वर्गलाई टार्गेट गरेर अपार्टमेन्ट बनाऊ। त्यहाँ अचाक्ली सुविधा पनि आवश्यक पर्दैन। कोलोनीको सुविधा घटाएर अफर्डेबल बनाऊ।

■ यस्तो गरौं सहर व्यवस्थित बनाउन

अब आफ्नो घर आफैं बनाऔं भन्ने परिपाटी बदल्नुपर्छ। आफ्नो घर अरूले बनाउने हो। घर डेभलपरले बनाउँछन्, बैंकले कर्जा दिन्छन्, उपभोक्ताले बनिबनाउ घर खरिद गर्ने हो। डेभलपरले पनि व्यवस्थित बस्ती बसाउनुपर्छ। त्यसमा सरकारले पनि अनुगमन र सहजीकरण गर्नुपर्छ।

आज दुबईले युरोप र अमेरिकालाई माथ खुवाइसक्यो। दुबई विश्वकै हाइटेक सहर भन्दा पनि हुन्छ। त्यहाँ विश्वकै अग्लो अपार्टमेन्ट बन्दै छ। विश्वकै अग्लो टावर र विश्वकै ठूलो सपिङ मल सञ्चालनमा आइसक्यो। अबौं डलर खर्चिएर मुन रिसोर्ट बन्दै छ। दुबई सहरी योजनाकारका लागि खुला किताब हो।

नेपालमा यस्तो संरचना बनाउन बाह्य लगानीविना सम्भव छैन। बाह्य लगानी ल्याउन सामाजिक आर्थिक परिवेश सुधार गर्नुपर्छ। यहाँ पनि टाउन्सिप बनाउन सकिन्छ। पूर्वाधार सरकारले बनाइदिनुपर्छ। जग्गाको हदबन्दी, राजनीतिक र सामाजिक अवरोधलाई नीतिगत सहजीकरण गरिदिनुपर्छ। बाँकी सारा काम आन्तरिक तथा बाह्य निजी लगानीबाट गर्न सकिन्छ।

काठमाडौंमा जति पनि अपार्टमेन्ट २०६० देखि २०७२ सम्म बनेका हुन्। त्यो वेला ठुल्ठूला अपार्टमेन्ट बने। अहिले कुनै खाली छैनन्। बरु बिक्रीका लागि नयाँ स्टक छैनन्। मतलब, नेपालीले अपार्टमेन्ट बसाइ डाइजेस्ट गरेको भन्नुपर्छ। १७ करोडसम्मका एउटै युनिट बिक्री भयो भन्ने सुनिन्छ। नेपालमा अपार्टमेन्टका ग्राहक टन्नै छन्। र, ती व्यवस्थित र भव्य पनि छन्। अहिले कुनै ठूलो हाउजिङ र अपार्टमेन्टभित्र छिऱ्यो भने यो पनि नेपाल हो र भन्ने महसुस हुन्छ।

बरु यसलाई ठूलो स्केलमा लैजानुपर्नेछ। हामीलाई धेरै युनिट भएका अपार्टमेन्ट र कोलोनी चाहिएको छ। थोरैले माग थेग्न सकिँदैन। नेपालमा १७ तलासम्मका अपार्टमेन्ट बनेका छन्। तर, मैले ११ तलासम्मको व्यावहारिक हुन्छ भन्छु। सुलभ मूल्यका अपार्टमेन्टको मार्केट पनि धेरै छ।

पछिल्लो समय अपार्टमेन्ट निर्माण सुरु भएको छ। काठमाडौं, पोखरा, भैरहवा, वीरगन्ज, विराटनगर, झापालगायत सहरमा अपार्टमेन्ट बन्दै छन्। तर, ती सबै प्रिमियममा गइरहे। त्यस्ता आवासका ग्राहक सीमित हुन्छन्। यसले अपार्टमेन्टको बजार विस्तार हुन सकेन। यो उपभोक्ता सीमित हुन्छ। मध्यम र निम्नमध्यम वर्गमा धेरै ठूलो उपभोक्ता छ। बरु आर्मी, पुलिस, निजामती, शिक्षक, संस्थानमा काम गर्ने कर्मचारीलाई छुट्टाछुट्टै कर्मचारी आवास परियोजना बनाउन सकियो भने झन् व्यवस्थित हुन्छ।

आवास र वर्क प्लेसको यात्रा कम हुनुपर्छ। दिल्ली र अमेरिकी सहरमा सहरबाट धेरै बाहिर घर हुन्छन्। यहाँ पनि सहज यातायातको व्यवस्था भइदिए मान्छे धुलिखेल, पाँचखालबाटै पनि काठमाडौं आवतजावत गर्थ्यो होला।

■ काठमाडौंको आकर्षण

धेरैले भनेको सुन्छु, काठमाडौं महँगो भयो, भिडभाड भयो, साँघुरो भयो, सुविधा छैन, स्वच्छ पानी पाइएन, खोला गनाउँछ।' तर, म यहाँ बस्न सकिनँ, त्राहिमाम भएँ, यहाँबाट बसाइँ सरेर गाउँ फर्किन्छु भनेको सुनिँदैन। यसले के देखाउँछ भने काठमाडौंको आकर्षण छ। काठमाडौंले आकर्षण गुमाएको छैन। बरु सेवासुविधा बढाएर थप आकर्षक कसरी बढाउने भन्ने मात्र हो।

खासमा यहाँको जीवनस्तर राम्रो छैन। बाहिर हिँड्दा धुलैधुलो छ। सडकपेटी छैनन्। मोटर चलाउने र हिँड्ने दुवैलाई सुख छैन। सहरमा क्वालिटी अफ लाइफ हुनुपर्थ्यो। क्वालिटी लाइफ इम्प्रुभ गर्न पूर्वाधारलाई स्तरोन्नति गर्ने, आवासलाई व्यवस्थित गर्ने, सहरी सुविधा बढाउनेतर्फ लाग्नुपर्छ। यहाँ पनि ब्लक-ब्लक छुट्याएर व्यवस्थित योजना बनाई काम गर्नुपर्छ। यसो भए सहर पनि स्तरीय बन्छ। योजना कार्यान्वयन नहुँदा सरकारप्रतिको विश्वास गुमेको छ।

■ जहाँ दरबार, त्यहाँ आकर्षण

काठमाडौं सहर आफैंमा भद्रगोल भए पनि सहरभित्रका कतिपय ठाउँहरू बसोवासका लागि सबैभन्दा आकर्षण छन्। कुनै जमानामा बालुवाटार, महाराजगन्ज, विशालनगर क्षेत्र सबैभन्दा आकर्षण मानिन्थ्यो। प्रधानमन्त्रीनिवास, राष्ट्र बैंक, राजदूतावास त्यहीं थिए। नारायणहिटी दरबारका कारण नक्साल क्षेत्र रोजाइमा पऱ्यो। अहिले त्यो आकर्षण बुढानीकलण्ठ, भैंसेपाटी, बालकोटमा सऱ्यो।

कांग्रेस सभापति शेरबहादुर देउवा बुढानीलकण्ठमा बस्न थालेपछि त्यो क्षेत्र रोजाइमा परेको छ। एलिटहरू बुढानीलकण्ठतिरै बसोवास गर्छन्। एमाले र मधेशवादी दलका नेताहरूको सहर भैंसेपाटी बनेको छ। फेरि त्यहाँ मन्त्री, प्रदेशप्रमुख, मुख्यमन्त्रीका दरबार खडा भएका छन्। केपी ओलीका कारण बालकोट क्षेत्र रोजाइमा छ। पहिलाका पञ्चहरूको क्षेत्र बालुवाटार विशालनगर बन्यो। त्यहाँ राप्रपाका धेरै बस्छन्। प्रधानमन्त्रीसमेत रहेका पुष्पकमल दाहाल खुमलटार बस्छन्। अहिले खुमलटारको चर्चा पनि उत्तिकै छ।

हिजो जहाँजहाँ दरबार बने, त्यहाँत्यहाँ बस्ती बस्थ्यो। पद्मशमशेरको दरबारका कारण विशालनगरमा बस्ती बस्यो। जुद्धशमशेरको दरबार जावलाखेल थियो, जावलाखेल झम्सिखेल हुँदै सानेपासम्म बस्ती बस्यो। सानेपामा शान्त भवन, शशी भवन थिए। चन्द्रशमशेरको दरबारकै कारण थापाथली र माइतीघर हाइट चम्कियो। अरू धेरै बस्ती दरबारकै कारण बनेका थिए। अहिलेका नयाँ बुढानीलकण्ठ दरबार, बालकोट दरबार, भैंसेपाटी दरबार, खुमलटार दरबारका कारण ती क्षेत्रमा बस्ती बढ्यो। नेताले कार्यकर्तादेखि नातेदार तान्ने गर्छन्। नेता र कार्यकर्ताले लिडरको छेवैमा बस्न पाए अवसर पाइन्थ्यो कि भन्ठाने। व्यापारी र कर्मचारी पनि त्यहीं पुगे। छेवैमा बस्यो भने नेताको नजरमा परिने भयो। साँझ-बिहान चाकडीमा हाजिर हुन पाइयो। चुनावमा टिकट पाइने भयो। संघीयता आए पनि काठमाडौंको बासिन्दा घटेका छैनन्। पहिलेपहिले राजनीतिक शक्तिको केन्द्रीकरण भयो। त्यसपछि प्रशासनिक शक्तिको केन्द्रीकरण भयो। अहिले आर्थिक हुँदै सामाजिक शक्तिको पनि केन्द्रीकरण भइरहेको छ। मान्छे सामाजिक स्टेटस खोज्दै काठमाडौं आइरहेका छन्।

■ काठमाडौंबाहिरका राम्रा सहर

मेरो ठम्याइमा नेपालमा सबैभन्दा व्यवस्थित र सुन्दर सहरको नाम लिँदा पोखरा पहिलो नम्बरमा आउँछ। यो सहरलाई नेपालको नमुना सहर पनि मान्न सकिन्छ। त्यहाँ लाहुरेहरूले एउटै खालका सुन्दर घर बनाएका छन्। घरमा ढुंगा छापेर चिटिक्क पारिएको छ। घरहरू पनि एकनासका दुई-तीन तलाका मात्र छन्। बरु पछिल्लो समय पोखरामा पनि ठुल्ठूला भवन बनेर पहिलेको चमक हराउँदै छ।

हेटौंडा र धरान पनि व्यवस्थित सहर हुन्। बुटवल र भैरहवा जोडिएर मेगा सिटी भइसक्यो। बुटवललाई देशकै राम्रो आवासीय सहर पनि भन्ने गरिन्छ। अर्को, चितवनको भरतपुर सहर हो। सानो स्केलमा भए पनि कोहलपुर, टीकापुर, महेन्द्रनगर, सुर्खेत, दाङको तुलसीपुर, घोराहीमा पनि व्यवस्थित बस्ती छन्।

(पूर्वसचिव थापासँग नवीन अर्यालले गरेको कुराकानीमा आधारित)

गीतकार साउदको प्रश्न संगीतकार बास्कोटाको उत्तर



गीतकार **हर्क साउद** संगीतकार **कालीप्रसाद बास्कोटा**

कार्यक्रमका लागि विदेश गइरहनुहुन्छ । नेपाली गीत-संगीत विश्वस्तरमा कहाँ पाउनुहुन्छ ?

नेपाली संगीतले विश्वमा आफ्नो पहिचान बनाउन बाँकी नै छ । हामीले पनि आफ्नो पहिचान बनाउन जरुरी छ । हामीले नेपाली संगीतको पहिचान बनाउँन सक्यौं भने विदेशी दर्शकहरू पनि आउनुहुन्छ । अहिले विदेशमा नेपाली समुदायले नै हाम्रो संगीत धानेको छ । संसारभरि कहींको पनि संगीत कमजोर छैन । हाम्रो संगीत पनि राम्रो छ । संगीतले आफ्नै पहिचान बोकेको छ भनेर विश्वसामु देखाउनुपर्छ । त्यसैले विश्वसामु पुग्नलाई हामीले आफ्नो संगीतको पहिचान बनाउनैपर्छ । सबैका आ-आफ्नै पहिचान छन् । यसमा भाषाको पनि उत्तिकै महत्त्व छ । तर, अंग्रेजी संगीतको ठूलो बजार छ, धेरैले सुन्छन् । त्यही भएर पनि उनीहरू अघि छन् । तर, हामी पनि हाम्रो भाषाले त्यहाँ पुग्न सकिन्छ । किनभने स्पेनिस, कोरियन गीतहरू पनि संसारभर लोकप्रिय छन् ।

आफूलाई संगीतकार, गीतकार र गायकमध्ये कुनचाहिँ बढी हुँ जस्तो लाग्छ ?

म आफूलाई गायक बढी देख्छु । सिनेमामा पनि हिरोलाई बढी देखिन्छ । तर, म आफूभित्र कम्पोजरलाई बढी हाबी गराउँछु । मलाई धेरैले गायक भनेर चिन्नुहुन्छ । आफूलाई म्युजिक कम्पोजरको रूपमा चिन्छु । अहिले मलाई गायक वा संगीतकारभन्दा रियालिटी सो जज रूपमा पनि चिन्नुहुन्छ । त्यो एउटा इमेजको कुरा मात्रै हो । तर, आज मैले जे कर्म गरिरहेको छु त्यो 'म्युजिक कम्पोजर' भएरै हो ।

अधिकांश गीतहरू आफ्नै कम्पोजिसनमा गाउनुभएको छ । अरूको कम्पोजिसनमा खासै गाउँनुहुन्न । किन होला ?

मेरो बुझाइमा गायकले गीत बोक्न सक्नुपर्छ । म आफ्नो गीत राम्रोसँग बोक्न सक्छु । कतिपय अवस्थामा गीत संगीतकार आफैंले गाउनुपर्ने हुन्छ । आफूले ज्यान दिएर संगीत भरेको गीत गाउन सकेन म आफैं गाउँछु । उसले भन्दा आफूले न्याय गर्छु भनेर पनि गाउँछु । संगीतकारहरूको पनि स्वर राम्रो हुँदैन भन्ने होइन । 'सुन साइली' गीत म आफैंले पनि गाउन सक्थें । पछिल्लो समय मेरो संगीतमा धेरै गायक-गायिकाले पनि गाइरहेका छन् । ती गीत सबै म आफैंले गाउन सक्थें । म सबैभन्दा इमान्दार मेरो गीतसँग हुन्छु । म आफ्नो गीतका लागि एकदमै समय दिन्छु । गीतलाई कसरी उत्कृष्ट बनाउने भन्नेमा चिन्तन गर्छु । म अरूले कम्पोज गरेको गीत गाउन सक्दिनँ ।

आफ्नो पहिलो गीत र पछिल्लो गीतमा के फरक पाउनुहुन्छ ? ती गीतमा कस्ता त्रुटि भेट्नुहुन्छ ?

मेरा गीतका त्रुटि मलाई थाहा हुन्थ्यो । त्यसैले पनि म आफ्नो गीत सुन्दिनथें । अहिले मेरा पुराना गीत सुन्न थालेको छु । म आफ्नै गीतमा सिक्दै, बुझ्दै अघि बढ्दै । अहिलेसम्म झन्डै एक सय गीतमा काम गरेँ होला । हिजोका पुराना गीत सुन्दा त्यसवेला मेरो दिमागले यसरी सोच्थ्यो भन्ने लाग्छ । हाम्रो दिमाग परिवर्तन भइरहन्छ । अहिले मेरो दिमागमा अर्कै गीत चलिरहेको छ । हिजोको गीतको समय मैले बिर्सिसकेको छु । कतिपय गीतलाई यसरी गर्नपाएको भए हुन्थ्योजस्तो लाग्छ । किनभने समयअनुसार विचार पनि परिवर्तन हुन्छ । मैले म्युजिक जानेर र सिकेर करिअर सुरु भएको होइन । आफैं सिक्दै गएँ । जति जानें त्यति गरैं । अझै पनि म्युजिक सिक्ने क्रम जारी छ ।

सांगीतिक रियालिटी सोको जज पनि हुनुहुन्छ । 'रियालिटी सो'बाट उत्पादन भएका गायक-गायिका जुन रूपमा आउनुपर्ने थियो, त्यसरी आएको देखिँदैन नि, किन ?

यो कुरा सत्य हो । रियालिटी सोबाट आएका कतिपय कलाकार गुमनाम छन् । तर, कतिपयले राम्रो काम गरिरहेका छन् । रियालिटी सोको एउटा फर्म्याट हुन्छ । त्यो फर्म्याटअनुसार उपाधि जित्ने हो । तर, त्यो फर्म्याटभन्दा बाहिरको संसारमा केही फर्म्याट छैन । तपाईंको लगाव कस्तो हुनुपर्छ ? तपाईंको मनोवृत्ति कस्तो हुनुपर्छ ? भन्ने कुराले पनि ठूलो महत्त्व राख्छ । तपाईं कतिको इमानदार हुन भयो भन्ने कुरा हो । यो कर्मशील सो पनि हो । यसका राम्रा-नराम्रो दुवै पाटा छन् । रियालिटी सोलाई त्यस्तो सिरियस्ली लिनु पनि हुँदैन । यसलाई इन्जोय गर्नुस् । ज्यान दिएर घरजग्गा बेचेर आउनुपर्दैन । रियालिटी सो भनेको 'सर्वस्व' होइन नि ।

'निर जहिल्यै रिसाउनी...' ठमेल बजार', 'पारि त्यो डाँडामा...'लगायत थुप्रै गीत रुचाइएको छन् । सबैले मनपराउनुको कारण के होला ?

सुरुसुरुमा मैले गाएको गीत मान्छेहरूलाई कसरी मन पऱ्यो भन्ने आफूलाई थाहा थिएन । म यो इमानदार भएर भन्दै छु । मैले गायकीका लागि त्यति धेरै साधना गरेको छैन । मलाई संगीत मन पर्छ । संगीतको सेरोफेरोले मलाई बाँधेर राख्छ । मेरो संगीत सिकाइको सुरुवातमा गायकीलाई फोकस गरेर आएकै होइन । कुनै पनि समय म गायक बन्छु भन्ने पनि थिएन । तर, गायकले एउटा लोक बोक्न जान्नु पर्नेरहेछ । लोक र गीतलाई बोक्न जान्नु नै गायक हुनेरहेछ । गायन यस्तो हुनुपर्छ त्यस्तो हुनुपर्छ भन्ने होइनरहेछ । त्यसरी नै मैले पनि गीत गाउँन त भनेर गाएको हुँ । सुरुसुरुमा गीत गाउँदा डर पनि लाग्थ्यो । बिस्तारै मलाई गीत गाउन रहर लाग्यो । गीत गाउने रहर सायद जिन्दगीभर पूरा गरिनैरहन्छु ।

> तपाईंको सिर्जनाले समाजमा कस्तो प्रभाव पाऱ्यो ? यो नै प्रमुख कुरा हो । हामीले 'साइँली' गीत बनायौं । यो गीत अझै पनि आमनेपालीको मुखमा झुन्डिएको छ । ४० कटेसी रमाउँला भन्ने शब्दले निकै ठूलो अर्थ बोकेको छ । यो गीत त्यसै मन पराइएको होइन । समाजले यो गीतलाई आफ्नो गीत ठानेर स्विकारेको छ ।

नेपाली गीत-संगीतमा तपाई आफूलाई कहाँनिर उभिएको देख्नुहुन्छ ?

मैले गीत-संगीतको क्षेत्रमा आफूलाई तुलना गरेर हेरेको छैन । आफ्नो कस्तो ठाउँ बन्यो ? म आफू कहाँ छु ? थाहा छैन । तर यत्ति हो, मैले नेपाली गीत-संगीतमा धेरै गर्न बाँकी छ । कम्तीमा आफूलाई चिनाउन सकेँ । आफ्नो गीत, आफ्नो कथा आफूले देखेका समाजको कथा गीतमा ल्याउनुपर्ने वेला आएको छ ।

तपाईंका गीतलाई लिएर विभिन्न टिप्पणी पनि गरेको सुनिन्छ । खासमा किन त्यस्तो भएको होला ?

कहिलेकाँही आफूलाई 'छिटो क्लिक भइहालोस्' भन्ने लाग्दोरहेछ । तर, यस्ता कुरा जीवनमा आउनुपर्नेरहेछ । किनभने यस्ता कुराले एकदमै होसियार बनाउँदोरहेछ । तपाईंलाई यसले बिग्रन नदिँदोरहेछ । साथसाथै, आफूलाई सच्याउन पनि जरुरी बनाउँदोरहेछ । मान्छेको धेरैको इन्टेन्सन हुँदोरहेछ । कतिपयको नियतै 'मोरलडाउन' गराउने पनि हुँदोरहेछ । यदि मैले गर्न खोजेको कुरा तपाईंले गर्दै हुनुहुन्छ भने तपाईंलाई मैले कसरी कमजोर बनाउने भन्नेतिर लाग्छु । जसरी हुन्छ तपाईंको 'मोरलडाउन' गराउँने । यस्ता कुरा बुझ्न जरुरी हुँदोरहेछ ।

आफ्नो सांगीतिक यात्रालाई कसरी सम्झिनुहुन्छ ?

मैले संगीतभन्दा पनि कर्मको साधना बढी गरैं । म संगीत त्यति जान्दिनँथें । र, पनि संगीतमै लागिपरैं । सौभाग्य मेरो पहिलो गीत नै राम्रो चल्यो । पहिलो गीतले पहिचान पनि बनायो । त्यही गीतले उत्प्रेरित गरायो । संगीतमा लागेको झन्डै १६ वर्ष भयो । यो समय नै मेरा लागि साधाना भयो । अहिले पनि संगीतकै काम गरिरहेको छु । कामले ठूलो कुरा सिकाउँदोरहेछ । राम्रो हुनु/नहुनु, टिक्नु/नटिक्नु फरक कुरा रहेछ । निरन्तरता एकदमै ठूलो कुरा रहेछ । जतिवेला मेरो संघर्षको समय थियो, त्यतिवेला आफ्नो गीत कतै बज्यो भने निकै खुशी लाग्थ्यो । विवाह पार्टी, पिकनिक जाँदा वा अन्य समारोहमा जाँदा आफ्नै गीत घन्किन्छन् । यस अर्थमा म आफूलाई भाग्यमानी ठान्छु ।

अहिले कतिपयले बजारलाई मध्यनजर गरेर पनि गीत निकाल्छन् । अहिलेको अवस्थामा बजारको रुचिको गीत बनाउने कि आफूले चाहेको बनाउने ?

सबैभन्दा पहिले आफू बाँच्नुपर्छ । कलाकारलाई पनि अभाव हुन्छ, पीडा हुन्छ । पेट मारेर पनि कलाकारितामा लाग्न सकिँदैन । गीतमा आममान्छेको कथा बुन्नुपर्छ । जब आममानिसको कथा भन्न थालिन्छ कुनै कुराले पनि रोक्न सक्दैन । प्रविधिको प्रयोग भरपूर गर्नुपर्छ । यी सबै कुरा गलत छैनन् । अब एआई आर्ट फर्म सुरु हुन्छ । पहिलेको आर्ट फर्म त कहिल्यै बिग्रिदैन । आर्टको लागि पढेर मात्रै आउँनुपर्छ भन्ने मान्दिनँ । तपाईंभित्रको कुरा एक्सप्रेसन गर्न सक्नुपर्छ ।

कतिपय गीतको क्षणिक चर्चा हुन्छ, केही समयपछि बिलाउँछ । यस्तो हुनुमा गीत बजारकेन्द्रित भएर हो कि गतिलो नभएर हो ?

आफूले जन्माएको सन्तानको भविष्य थाहा नभएजस्तै गीतको भविष्य पनि थाहा हुँदैन । तर, हाम्रो जिन्दगी नै गीत हो । हरेक समय दिमागमा गीतबाहेक अरू केही चलेको हुँदैन । गीत हिट हुनु ठूलो कुरा होइन । तपाईंको सिर्जनाले समाजमा कस्तो प्रभाव पाऱ्यो ? यो नै प्रमुख कुरा हो । हामीले 'साइँली' गीत बनायौं । यो गीत अझै पनि आमनेपालीको मुखमा झुन्डिएको छ । ४० कटेसी रमाउँला भन्ने शब्दले निकै ठूलो अर्थ बोकेको छ । यो गीत त्यसै मन पराइएको होइन । समाजले यो गीतलाई आफ्नो गीत ठानेर स्विकारेको छ । हामीले समाजमा प्रभाव पार्ने यस्तै गीत गाउनुपर्छ ।

प्रस्तुति : **पवन बराइली**













चीमुसी चीमुसी

कविता



सीता तुम्खेवा

'ची मुसी ची
मुसाले खायो धान !'
खेल्दाखेल्दै भाइले भनेथ्यो-
'ठूलो भएसी तिमी र म
पिलेन चढेर काठमान्डू घुम्न जाने,
अघाउन्जी थुक्पा र मम खाने !'

हिजो साँझ
मुख मिठ्याउँदै निदाएथ्यो मेरो भाइ
आफ्नै हातको सिरानी बिछ्याएर ।

जसै भाइ निदायो,
थर्थरी काम्न थाले धर्तीसँगै
भाइका सपना
र, सोहोरिए भुइँमा गल्यामगुर्लुम !

धर्ती माथि उठेजस्तै
सिंगै आकाश खसेजस्तै
बन्द भए मेरा आँखा ।
ब्युँझिँदा देखें,
भुइँमा छरपस्ट छरिएका भाइका सपनाहरू

लाग्यो-
'म एक बीभत्स सपना देखिरहेको छु ।'

त्यसो त,
घुच्यानको गरामा प्रधानमन्त्रीको हेलिकोप्टर बस्नु
सरकारी राहत कोष
फलाना समाज कोष
एनजिओ, आइएनजिओको पसल बिछ्याइनु
थरीथरी पार्टीका रंगीन झन्डाहरू फहऱ्याउँदै
आँगनमा हाट लाग्नु- 'सपनै त हो ।'

मन्त्रीको मुखबाट निस्किरहेको हावाको मुस्लो
राहतको पोकाभन्दा धेरै एसएलआरका फ्ल्यास लाइट
पोलिथिनका पोकामा तेर्सिएका दर्जनौं हात
अन्ततः
थानका थान फोटा र भिडियोहरू मात्रै फर्किएको
यो कुरूप दृश्य
सपनाभन्दा कम कहाँ छ र ?

फेसबुक, टिकटक र ट्विटरभरि छरिएका
मेरा निरीह अनुहार
नेता, समाजसेवी, अधिकारकर्मीहरूको कलको
रिङटोनको कर्कस
मानौं, 'म्याराथन प्रतियोगिता' छ, मेरो आँगनमा

खै र,
यतिवेला त म चिच्याइरहेको हुनुपर्ने होइन र ?
भएछु, आफ्नै रमिते ।

उठ् भाइ !
खेलौं ची मुसी ची
फेरि अर्को मन्त्री आउँदै छ रे !
उसकै हेलिकोप्टर चढेर जाउँला काठमान्डू ।

हेर्, औंलाले कोरेर आकार दिएँ
तेरो सपनालाई !
ठ्याक्कै तेरो किताबको घामको चित्रजस्तै बन्यो
उठ् न भाइ !
सरकार फर्किसक्यो
मस्त निदाइसक्यो सिंहदरबार पुगेर
अब फेरि ब्युँझेर अर्को भयानक विपत्ति
दौडिनेछ खण्डहर हाम्रो बस्तीमा ।

२६ फागुन (शनिबार) - २ चैत (शुक्रबार)

साप्ताहिक राशिफल

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साथीभाइको राम्रो सल्लाह र सद्भावना प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन् । रोकिएका सरकारी काम सुल्झाउने राम्रो समय छ । साताको अन्त्यमा अचानक लामो यात्राको योग रहेकाले यात्रामा सावधानी अपनाउनुपर्ने देखिन्छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

व्यापार र साझेदारीबाट फाइदा हुनेछैन । अध्ययन, अध्यापन र लेखन कार्यमा खासै तत्परता देखिँदैन । सहयात्रीबाट प्राप्त सल्लाहबाट गरिएको कामबाट फाइदा हुनेछ । सेयर बजारमा गरिएको लगानीबाट सोचेअनुसार फाइदा हुने देखिन्छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । दाजुभाइको प्रगतिको समाचार सुन्न पाइएला । धार्मिक तथा पारिवारिक यात्रामा सरिक हुने योग रहेको छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताको प्रारम्भमा परिवारबाट असहयोग हुनेछ । व्यवसाय वा पेसामा परिवर्तनको धारणा उत्पन्न हुन सक्छ । नयाँ काममा हात हाल्ने समय भएकाले आफ्ना विचारलाई कार्यान्वयन गर्दा राम्रो हुन्छ । साझेदारीमा गरिएका कार्यमा सतर्कता अपनाउनुपर्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

जग्गाजमिनको कारोबार गर्दा फाइदा हुने संकेत छ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ । सन्तान पक्षबाट पनि राम्रै सहयोग प्राप्त हुनेछ । नयाँ सवारीसाधन जोड्ने योग छ । शुक्रबार आफ्ना योजना गोप्य राखेमा कार्यसिद्धिको योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)


पठनपाठनमा प्रगति हुनेछ । सभासमारोहमा सहभागी बन्ने मौका छ । आम्दानीका मार्गहरू खुला रहनेछन् । महत्त्वपूर्ण कार्य थालनीको योग छ । साताको अन्त्यमा स्वस्थ्यमा समस्या देखिने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा पारिवारिक जमघटमा मन रमाउनेछ । नयाँ सवारीसाधन खरिदबिक्रीको योग रहेकाले कार्य सफलता मिल्नेछ । जग्गाजमिनमा गरिएको लगानीबाट सन्तोष मिल्नेछ । साताको अन्त्यमा अचानक स्वस्थ्यमा समस्या देखापर्ने सम्भावना छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

धार्मिक तथा सांस्कृतिक सभा-समारोहमा सरिक हुने सम्भावना छ । लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन । सन्तति र भाइबहिनीका पक्षबाट सन्तोष मिल्नेछ । साताको अन्त्यमा रमाइलो भ्रमणको योग रहेको छ ।



शिवरात्रिको रौनक

फोटो फिचर


दीपेन्द्र ढुंगाना/संजित परियार

हिन्दू धर्मावलम्बीहरूको चाड महाशिवरात्रि यस वर्ष पनि विभिन्न कार्यक्रम गरी देशभरि मनाइएको छ। अन्य वर्षजस्तै यस वर्ष पनि पशुपति मन्दिर परिसरमा हिन्दू धर्मावलम्बीको बाक्लो भिड थियो। शिवको दर्शन गर्नेदेखि शिवरात्रिको माहोल हेर्न जम्मा भएका भक्तजनको भिडले पशुपति क्षेत्रमा विशेष चहलपहल थियो। भक्तजन बिहानैदेखि पशुपतिको दर्शन गर्न जम्मा भएका थिए। शिवरात्रिलाई विशेष पर्वका रूपमा मनाउनेहरू अघिल्लो रातदेखि नै पशुपति क्षेत्रमा जम्मा भएका थिए। भिड व्यवस्थित गर्न केही दिनअघिबाटै प्रहरी तथा कर्मचारी परचालित भएका थिए।

भगवान् शिवको उत्पत्ति भएको समयसँग यो पर्व जोडिएको छ। यो पर्व कालरात्रि, मोहरात्रि, सुखरात्रि र शिवरात्रि नामक चार प्रमुख रात्रिमध्ये एक मानिन्छ। यस पर्वका लागि छिमेकी मुलुक भारतबाट समेत साधुसन्तजम्मा हुने परम्परा छ। अघिल्लो वर्षजस्तै यस वर्ष पनि भारतबाट साधुसन्त पशुपति क्षेत्रमा आइपुगे। देश तथा विदेशबाट गरी यसपटक करिब चार हजारभन्दा बढी साधुसन्त सहभागी भएको पशुपति विकास कोषका एक अधिकारी वरुण खतिवडाले जानकारी दिए।







सफलता चाहनेले बुझ्नैपर्ने चक्र विज्ञान

योगा



रामचन्द्र शर्मा

आगामी चैत १७ देखि २३ सम्म भगवान् बुद्धको जन्मथलो लुम्बिनीमा जीवन विज्ञान संस्थाले विराट चक्रविज्ञान कार्यक्रमको आयोजना गर्दै छ। कार्यक्रमको मूल नारा हो 'बुद्धको ज्ञान लुम्बिनीमा ध्यान'। ऊर्जा ध्यानको पहिलो अन्तर्राष्ट्रिय गन्तव्यस्थलको रूपमा नेपाललाई विकसित गराउने कार्यक्रमको उद्देश्य हो। भगवान् बुद्धले शान्ति बाँडेझैं हरेक नेपालीले विश्वलाई आनन्द बाँड्ने अवसर सिर्जना गर्न विश्वकै ध्यान नेपालतिर आकर्षित गर्ने लक्ष्य रहेको सो कार्यक्रममा विश्वमै पहिलोपटक पाँच हजारजनाको समूहले एकैसाथ एकै ठाउँमा ऊर्जा ध्यान गर्दै छन्।

यस संस्थाले विराट चक्रविज्ञानको कार्यक्रम आयोजना गरेपछि अहिले देशैभरि चर्चाको विषय बनिरहेको छ- चक्र विज्ञान। जीवन विज्ञानका हजारौं प्रशिक्षक र लाखौं साधक गाउँ र टोलमा पुगी सो कार्यक्रमको प्रचार-प्रसारमा उत्साहका साथ खटेकाले स्वदेश तथा विदेशमा समेत सकारात्मक तरंग उत्पन्न गरेको छ। महान् लक्ष्यले व्यक्ति वा संस्थालाई क्षमतावान् बन्न उत्साही र क्रियाशील गराउँछ भन्ने कुरा जीवन विज्ञान संस्थाले यतिवेला व्यवहारमा उतारेको छ। त्यसकारण, चक्रविज्ञानले मानिसको जीवनमा पार्ने प्रभाव र विराट चक्रविज्ञानको आयोजना गर्नुको कारण बुझ्नु आजको आवश्यकता हो। थोरै साधना गरेर मानिसमा भएको अथाह क्षमता जगाउने विधि र कार्यक्रमको नाम हो चक्रविज्ञान। ऋषिमुनिहरूले लामो अनुसन्धान गरेर मानव शरीरमा रहेका मुख्य सात शक्तिकेन्द्र वा गुण पत्ता लगाएका हुन्। तिनै शक्तिकेन्द्र वा गुणलाई योगले चक्र भन्दछ। मेरुदण्डको तल्लो भाग पहिलो मूलाधार चक्र हो। यसले मानिसभित्रको चेतना, होस र सजगता बढाउँदै आफ्नो काम आफैंले खुसी हुँदै ध्यानपूर्वक गराउन सक्रिय गराउँछ। जीवन आधारकै रूपमा रहेको यो चक्र बिग्रिएमा आलस्यमा डुबाउँदै जीवन प्रगति शून्य हुन्छ। नाभी क्षेत्रभन्दा चार अंगुल तल रहेको स्वादिष्टान चक्र दोस्रो हो। यसले हरेक अंगको सेन्सर गर्छ। सारा कामको व्यवस्थापन गर्ने मनलाई शान्त र व्यवस्थित गराउँदै गरिने काममा सुख अनुभव गराउँछ। सांसारिक बाहिरी विषयमा भन्दा आफूभित्रै सुखको कारखाना रहेको अनुभूति दिलाउँछ। यो चक्र बिग्रिएमा खाना मीठो नहुने र डिप्रेसनमा समेत लान्छ। शरीरको तेस्रो शक्तिकेन्द्र हो नाभी क्षेत्रको मणिपुर चक्र। यो मानिसको आत्मविश्वासको केन्द्र हो। यसले जीवनका मूल विषयमा स्पष्ट लक्ष्य र लक्ष्यअनुसारको योजना बनाएर काम गर्ने साहस दिन्छ। सबै डर, चिन्ता र असुरक्षालाई जितेर आफूभित्रको पूरै ऊर्जा प्रकट गराउँदै जीवन व्यवस्थित र विकसित बनाउँछ। यो चक्र बिग्रिएको मान्छेको कुनै लक्ष्य, काम गर्ने साहस र हिम्मत हुँदैन। हृदय क्षेत्रको अनाहद चक्र पाँचौं शक्तिकेन्द्र हो शरीरको। यसले म सबैको हुँ, सबै मेरा हुन् भन्ने शुद्ध भावनाको विकास गरी समूहमा मिलेर काम गर्ने क्षमता बढाउँदछ। सम्बन्ध सुदृढ गर्न प्राथमिकता दिँदै प्रेमिल बनाउने यो अनाहद चक्र बिग्रिएमा भाव शक्तिको सन्तुलन गुम्न पुगी ठुल्ठूला व्यवहार बिग्रिन्छन्। शरीरको पाँचौं शक्तिकेन्द्र हो घाँटी क्षेत्रको विशुद्धी चक्र। यसले नराम्रा घटनाबाट पनि जीवन विकासका आधार खोज्ने बौद्धिक क्षमता बढाउँदछ। हरेक विषयमा आफ्नो मौलिक विचार निर्माण गर्दै प्रत्येक कर्म सिर्जनशील ढंगले गराउँछ। ससाना सफलतामा खुसी हुनु, वाणीलाई सम्मानजनक, सकारात्मक र सभ्य बनाउँछ। यो चक्र बिग्रिएमा अज्ञानी भई जीवन असफल हुन्छ। दुवै आँखाबीचको टीका लगाउने निधारको भागमा रहेको आज्ञाचक्र शरीरको छैटौं शक्तिकेन्द्र हो। यो चक्रले सही समयमा सही निर्णय गर्न सक्ने र काम पूरा गर्ने अठोट र संकल्पशक्ति बढाउँछ। अरूका लागि उपयोगी हुने सामर्थ्य र प्रतिस्पर्धी क्षमताको विकास गर्छ। यो सहश्रार चक्रसँग मिलेर सबै चक्रको शक्ति संयोजन गर्दछ। यो चक्र बिग्रिएमा सबै काम अधुरा रहन्छन्। शिरको माथिल्लो भागमा रहेको सातौं सहश्रार चक्रलाई परमात्माको चक्र पनि भनिन्छ। यसले शान्ति प्राप्ति र परमात्मासँग साक्षात्कार गराउँदछ। जीवनमा आजसम्म घटेका घटना जस्ताको तस्तै स्विकार्ने बन्न खोजेका कुरामा पुरुषार्थ प्राप्ति गराई जति वेला पनि खुसी मात्र बनाइदिन्छ। तनाव स्वीकार गर्दा मात्र सहश्रार चक्र सक्रिय हुन्छ। सहश्रार चक्र मात्र साक्षी हो, कर्ममा सामेल हुँदैन र सुख-दुःख बोक्दैन। मानव शरीरमा रहेका यी सातैवटा चक्र जगाउन ऋषिमुनिहरूले लामो अभ्यासमूलक अनुसन्धान गरेर प्रत्येक चक्रको आ-आफ्ना स्वर र मन्त्रहरू पत्ता लगाएका छन्। जसअनुसार मूलाधार चक्रको स्वर सार मन्त्र लम, स्वादिष्टान चक्रको स्वर रे र मन्त्र वम, मणिपुर चक्रको स्वर ग र मन्त्र रम, अनाहद चक्रको स्वर म र मन्त्र यम, विशुद्धी चक्रको स्वर प र मन्त्र हम, आज्ञाचक्रको स्वर ध र मन्त्र उ, सहश्रार चक्रको स्वर नि र मन्त्र ओम हो। त्यस्तै, हरेक चक्रका आ-आफ्नै स्वभाव छन्। संक्षेपमा भन्नुपर्दा मूलाधार सक्रिय हुनेको ससुराली जाँदा पनि कामै गर्ने, ज्वाइँलाई पनि काम लगाउने श्रमप्रधान र मीठो-नमीठो मतलब नगर्ने टन्न खाने स्वभाव हुन्छ। बरु भोकै बस्ने नमीठो नखाने मिठाउरे र चिटिक्क मिलेको पहिरन, सामान मिलाएर राख्ने सुन्दरतावादी स्वभाव हुन्छ स्वादिष्टान सक्रिय हुनेको। मणिपुर चक्र सक्रिय हुनेको भिडसँग एक्लै भिड्ने साहसी स्वभाव हुन्छ। अनाहद चक्र सक्रिय हुनेको अरूलाई परेको समस्या हेरेर नबस्ने, अरूको घरमा शुभ वा अशुभ कार्य छ भने आफ्नो घर बिर्सेर सघाउने स्वभाव हुन्छ। विशुद्धी चक्र सक्रिय हुनेको पढ्न-लेख्नमा रुचि र कुरा गरेरै अरूको कल्याण गरेको ठान्ने स्वभाव हुन्छ। आज्ञाचक्र सक्रिय हुनेको बोली पक्का, जिद्दी र गलतलाई पनि सद्दे बनाउने स्वभाव हुन्छ। सहश्रार चक्र सक्रिय भएको व्यक्ति दुःखमा पनि नहडबडाउने, जतिवला पनि खुसी रहने र अरूको गालीलाई पनि प्रशंसा मानिदिने स्वभावको हुन्छ

> दुवै आँखाबीचको टीका लगाउने निधारको भागमा रहेको आज्ञा चक्र शरीरको छैटौं शक्तिकेन्द्र हो। यो चक्रले सही समयमा सही निर्णय गर्न सक्ने र काम पूरा गर्ने अठोट र संकल्प शक्ति बढाउँछ।

व्यक्तिको जस्तै चक्र देशको पनि हुन्छ। अहिले हाम्रो देशको मूलाधार चक्र बिग्रिएकाले पराधीनताको पराकाष्ठा नाघेको छ। देशमा केही हुँदैन भन्ने नकारात्मक भाष्य स्थापित गर्दै युवाहरूको बढ्दो विदेश पलायनले स्वादिष्टान चक्र बिग्रिएको देखिएकै छ। गौरवका आयोजनामा देखिएको ढिलासुस्तीले आज्ञाचक्र बिग्रिएको देखिएको हुँदा मातृभूमिको बिग्रँदो अवस्था टुलुटुलु हेरेर नबसी देशको चक्र जगाउन जीवन विज्ञान संस्थाले विराट चक्रविज्ञानको कार्यक्रम आयोजना गरेको कुरा प्रस्टै बुझिन्छ।

देशको चक्र जगाउन जीवन विज्ञानले दुईवटा रणनीति लिएको देखिन्छ। प्रत्येक व्यक्तिको चक्र जगाएर क्रमशः परिवार, समाज र देशको चक्र जगाउने पहिलो रणनीति हो। किनभने व्यक्ति-व्यक्ति मिलेर मात्र परिवार, समाज र देश बन्ने हो। त्यसैगरी, दोस्रो रणनीति हो, नेपालीलाई समृद्ध बनाई नेपालीलाई विश्वभरि आनन्द बाँड्न सक्षम बनाउने महान् लक्ष्य र सो लक्ष्य प्राप्तिमा सरिक हुने सबैलाई समान व्यवहार गर्ने नीति। किनभने महान् लक्ष्यले लक्ष्यभित्र समेटिनेहरूलाई स्वतः उत्साहित र क्रियाशील गराउँछ र समान व्यवहारले लक्ष्यप्रति सबैको अपनत्व सुनिश्चित गर्दै काम गर्ने ऊर्जा र कामको गति बढाई लक्ष्य प्राप्तिमा सहजता प्रदान गर्दछ

अन्त्यमा, चक्रसम्बन्धी ज्ञान जति बढाए पनि साधना नगर्ने हो भने त्यो ज्ञानको कुनै अर्थ रहँदैन। जुनसुकै कर्म गर्नमा सबै चक्रको भूमिका रहने र चक्रको साधनाले सन्तुलन मिलाई व्यक्तिभित्र रहेको प्रतिभा प्रस्फुटित हुने हुँदा चक्र विज्ञानको साधना गर्नैपर्ने हुन्छ। अतः चक्र साधना गरेर व्यक्ति सक्षम हुने र चक्र साधना गरेको सक्षम व्यक्तिलाई मात्र पदीय जिम्मेवारी दिए देश सक्षम र समृद्ध हुन्छ।



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

अभिभावकवर्ग वा विशिष्ट व्यक्तिको सहयोग प्राप्त हुनाले सोचेअनुसार कार्य सम्पन्न हुनेछ। मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। बुधबार शत्रुतापूर्ण योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। साताको अन्त्यमा अकस्मात् धन प्राप्तिको योग छ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आफ्नै जिद्दीले गर्दा काम बिग्रिने र छरछिमेकमा असमझदारी बढ्ने सम्भावना छ। व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ। छोराछोरीबाट सन्तोष हुनेछ। धार्मिक भ्रमणको अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा रोकिएका महत्त्वपूर्ण कार्य सफल हुनेछन्।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा सामाजिक काममा सहभागी हुने योग रहेको छ। सेयरमा लगानी गर्नेहरूका लागि साता सुखद रहने देखिन्छ। साताको अन्त्यमा कार्यमा बाधा तथा अपमानित हुने सम्भावना छ विशेष सावधानी अपनाउनुपर्नेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

समाजको नेतृत्व वहन गर्नुपर्नेछ। खाद्यान्नका परिकार तथा मेवामिष्ठान्न मिल्ने समय छ। जग्गाजमिनको कारोबार गर्दा असल हुनेछ। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ। साताको अन्त्यमा स्थानान्तरणको योग रहेको छ।

■ संक्रामक रोग विशेषज्ञ
डा. शेरबहादुर पुनलाई

मनपरेका चार पुस्तक

मलाई कविता, कथा र नाटक मनपर्छ। बच्चा छँदा कविता लेख्थेँ। स्कुलमा पुरस्कार पनि पाएको थिएँ। चिकित्सा क्षेत्रमा लागेपछि साहित्यमा कलम चलाउन सकिएन। म स्वास्थ्य क्षेत्रमा संलग्न भएकाले नयाँ-नयाँ विषय र खोजबारे अध्ययन गर्न रुचाउँछु। विभिन्न जर्नल पढ्छु। तर, नेपाली कथा, कविता तथा लेख पनि पढिरहन्छु। इतिहास पढ्नमा पनि उत्तिकै रुचि लाग्छ। हेल्थ जर्नलहरू पढ्नमा रुचि जगाउन पनि मेरो विद्यालयदेखिको साहित्य पढ्ने बानीको प्रभाव कहीं न कहीं छ भन्ने लाग्छ।






२ घुम्ने मेचमाथि अन्धो मान्छे : मनपर्ने अर्का कवि भूपी शेरचन हुनुहुन्छ। उहाँका सबै कविता मनपर्छन्। 'घुम्ने मेचमाथि अन्धो मान्छे'ले त्यतिवेलाको समाजको चित्रण गरेको छ। उहाँ समाजलाई प्रभावित गर्न सक्ने कवि हो। आफू बाँचेको समाजलाई कवितामार्फत उजागर गर्न सक्ने उहाँको खुबी निकै मनपर्छ।

३ मुकुन्द-इन्दिरा : मलाई बालकृष्ण सम पनि मनपर्छ। उहाँका नाटक निकै उत्कृष्ट छन्। नाटक, कविता, कथा, निबन्ध सबैमा उहाँले कलम चलाउनुभएको छ। विशेषगरी मलाई उहाँका कविता मनपर्छ। अमरसिंह, मुटुको व्यथा, मुकुन्द-इन्दिरालगायत नाटक मनपर्छ। बाल्यकालमा उहाँका नाटक रेडियोमा बज्थे। सुन्न मज्जा आउँथ्यो।





१ मुनामदन : महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'मुनामदन' निकै मनपरेको खण्डकाव्य हो। जीवनमा पहिलोपटक पढेको पुस्तक पनि यही हो। उहाँका हरेक कविताहरू उत्कृष्ट लाग्छन्। 'मुनामदन' नै पहिले पढ्नुको कारण मेरो साथी पनि हो। स्कुल पढ्दा उसले 'मुनामदन' खण्डकाव्य नै गाउन सक्थ्यो। सरल भाषामा सबैले बुझ्न सक्ने गरी लेखिएकाले पनि यो खण्डकाव्य धेरैको रोजाइमा परेको भन्ने लाग्छ। यो महाकविकै प्रिय रचना हो।



४ गौरी : राष्ट्रकवि माधव घिमिरेले पनि धेरै विधामा कलम चलाउनुभयो। मलाई उहाँका कविता निकै मनपर्छन्। उहाँले राष्ट्रिय भावना जागृत गराउने कविता तथा गीत लेख्नुभएको छ। 'गौरी' शोककाव्य, गीति नाटक 'मालती-मंगले'लगायत उहाँका कृति विशेष मनपर्छ। 'गाउँछ गीत नेपाली', 'नेपाली हामी रहौंला कहाँ', 'लाग्दछ मलाई रमाइलो'लगायत राष्ट्रभक्तिले ओतप्रोत गीतहरू सिर्जना गर्नुभएको छ।


प्रस्तुति : अन्वेषण अधिकारी

नेलले बाँध्न नसकेको एउटी आमाको कथा

पितृसत्ताका प्रतिनिधिहरू दुःखको कारण 'अलछिन' श्रीमती ठान्थे र निर्दोष आमाहरूलाई बित्थामा कुटिरहन्थे । तर, एउटी आमाले पुरुषको यातना सहन अस्वीकार गरिन् ।

सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

● राजु स्याङ्तान



हरेक वर्ष जब अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस नजिकिन्छ, एकजना खास श्रमिक महिलाको सम्झनाले चिमोट्न थाल्छ । अझ आफ्नो नङसमेत अरूलाई काट्न लगाउने कुलीन नारीहरूले 'नारी दिवस' भन्दै सामाजिक सञ्जालमा एकछत्र रजाइँ गर्छन्, तब ती खास श्रमिक महिलाको सम्झना झन् धेरै आउँछ । ती श्रमिक महिलाको सम्झनासँगै बचपनका दिन उमुसमुकुस भएर आउँछ ।

ती जोधाहा श्रमिक महिला महोत्तरीको चुरे क्षेत्रमा बस्थिन् । उनलाई म काकी भन्थें । गाउँमा सबैको प्रिय थिइन् काकी । अग्लो ज्यान, गोरो वर्ण, कुनै सैनिक जवानजसरी लमकलमक हिँड्ने बानी । उनको पोसाक हुन्थ्यो, सारी चोलो र कुर्ता सुरुवाल । गरगहना लगाएको खासै देखिनँ ।

काकीले सपना सजाएकी थिइन्, एउटा सुन्दर घर बनाउने, छोरीहरूलाई पढाउने । घर बनाउन साँझ अबेरसम्म एक्लै घरको जग खन्थिन् । गाउँका अन्य महिला हँसिया, नाम्लो, डोको बोकेर जंगल जान्थे, काकीचाहिँ बन्चरो काँधमा बोकेर जंगल जान्थिन्, एक्लै रुख ढाल्थिन् अनि काँधमा झ्याप्पै बोकेर घर ल्याउँथिन् । असार साउनमा काकी धानको ब्याड बोकेर रोपारको लस्करमा होइन, कोदालो बोक्ने बाउसेको लस्करमा हुन्थिन् । घरको छाना लगाउनु, पुरुषसँगै खलामा धान झार्नु, परालको कुन्यु लगाउनु, आरा तान्नु काकीका लागि मामुली काम थिए । यति मात्रै होइन, काकीले गोरु नारेर हलोसमेत जोतिन् । गाउँलेहरू काकीको सपना र हिम्मत देखेर छक्कै पर्थे । 'महिलाले घर छाउनुहुन्न, हलो जोत्नु हुन्न' भन्ने रुढीग्रस्त नियमको ठेक्का लिएर बस्ने पुरातन पुरुषहरू काकीका अघि चुइँक्क बोल्न सक्दैनथे । 'यो क्षेत्रिनीले जात फाल्यो' भन्नेहरू भिँगाले पिठ्युँपछाडि मुट्की कसेजसरी काकीको पछाडि मात्रै कुरा काट्थे । तर, विडम्बना यति जोधाहा काकीको घरभित्रै थियो बैरी ।

काका थिए, पाँच फिट तीन इन्चजतिका । मोटो घाटो । आकाश ताक्ने कपाल । दाह्रीजुँगा भ्रयाप्प आउने । थोरै पुक्क उठेको भुँडी । उनको घरमा पानासोनिक कम्पनीको ठूलो क्यासेट थियो । एट्रिटज र नाइन्टिजका हिन्दी गानाहरू खुब घन्किन्थ्यो । उहिले पुलिसमा समेत भर्ती भएका थिए रे काका । पुलिस उनले छाडे या पुलिसले उनलाई छाडिदिए, हामी अनभिज्ञ थियौं । उनी एकपटक चुनावमा 'बम पुलिस' (म्यादी प्रहरी) समेत भएछन् । उनको घरमा बम पुलिसको पोसाक थियो । हामी थर्कमान हुनलाई त्यही पोसाक काफी थियो । किनकि तामाङका आप्पाहरू साँच्चैको पुलिस त के बम पुलिससमेत बन्न पाएका थिएनन् ।

हाम्रो घर गाउँबाट टाढा जंगलको एकलास डाँडामा थियो । हाम्रा लागि छिमेकी भन्नु नै जंगली चराचुरुंगी र जनावरहरू थिए । गाउँभरिका क्षेत्री-बाहुनमध्ये पहिलोपटक हाम्रो छिमेकी बन्न काकाकाकी आइपुगे । छिमेकी पाएर हामी औधी खुसी भयौं । कहिले नुन लिन, कहिले तेल लिन, कहिले आगो लिन म काकीको घर गइरहन्थें । घरमा जे पाकेको छ 'खाएर जा' भन्थिन् । तर, एक दिनको घटनापछि त्यो घरमा जान डर लाग्यो । त्यस दिन काका मातेर घरवरिपरि घुमिरहेको देखें । उनको एउटा हातमा खुकुरी थियो, अर्को हातमा सलाई । उनी घरभरि मट्टीतेल छर्किएर आगो लगाउन कस्सिएका रहेछन् । मुटु फुट्ला जसरी मान्छे चिच्याएको सुनियो । बच्चाबच्ची कहालिएका थिए । कसो-कसो काकाको हातबाट काकीले सलाई खोसिन् ।

चार छोरी जन्माउन-हुर्काउन काकीले कति दुःख गरिन्, त्यो बेहिसाब दुःखको बहिखाता कसले पल्टाउने । उल्टो काकीले बर्बर यातना सहिरहिन् । देशमा पञ्चायत त ढलिसकेको थियो, तर घरमा काकीका लागि राणाशासन कायम थियो । काका मात्रै होइन, आमा कुट्ने लोग्नेहरू गाउँमा कति थिए कति । कारण केही हुन्थेन, विनाकारण कुटाइ खानु आमाहरूको दैनिकी थियो । काकाको कुटाइ खाएपछि भोलिपल्ट बिहान पँधेरोमा आमा र काकीको भेट हुन्थ्यो । आपसमा दुःखका कुरा गर्थे । 'जाऊँ है ठुली बारु चाट्क्कै छाडेर, काति कुटाइ खाएर बस्ने ?' तामाङ लवजमा आमा काकीलाई दुःख सुनाउँथिन् । 'हुन्थ्यो नि दिदी, तर के गर्नु यी चारवटी छोरीको मायाले मात्रै हो । नत्र यस्ता पाजीलाई उहिले लात हानेर हिँड्थें,' काकी दाह्रा किट्दै भन्थिन् । पितृसत्ताका प्रतिनिधिहरू दुःखको कारण 'अलछिन' श्रीमती ठान्थे र निर्दोष आमाहरूलाई बित्थामा कुटिरहन्थे । तर, एउटी आमाले पुरुषको यातना सहन अस्वीकार गरिन् । गाउँका आमाहरूले कुटाइ खाँदै दुःखको डुंगा खियाइरहे र मसिना सन्तानको मायाले तलाउमा डुंगा अलपत्र छाडेर टाढा जाने योजना पर सारिरहे ।

चरीले गुँड बनाउन सिन्काहरू ओसारे जसरी काकीले पनि जंगलबाट काठ ओसारिरहिन् । ठुली छोरीले सघाइन् । काकीको घर बनाउने सपना काकाले कुटे पनि, वर्षाले भिजाए पनि, तुसारोले ठिहिऱ्याए पनि रोकिएन । कहिले चप्पल लगाएर, कहिले खाली खुट्टै चुरेको जंगलबाट काकीले काठ ओसारिरहिन् । काकीको दृढता देखेर वनजंगल, खोलानालाले पनि सोच्दो हो, कस्तो जब्बर मान्छे । अब काकीलाई काठसँगै पैसाको खाँचो पऱ्यो । त्यसपछि लालबन्दी बजारबाट तीनवटा चर्खा लिएर आइन् । काकी र छोरीहरूले दिनरात चर्खा चलाएर घर बनाउने पैसा जोहो गरिरहे ।

फिल्मको कहानी सुनाउन माहिर थिइन् काकीकी ठुली छोरी । उनलाई म दिदी भन्थें । पढाइमा अब्बल उनले 'साथी' फिल्मको कहानी यसरी सुनाइन् कि जीवनमा पहिलोपटक फिल्म हल नपुगी सुखै पाइनँ । आमासँग रोइकराइ गरी १० रुपैयाँ मागेँ अनि काकीको पछि लागेँ । काकीले भनेकी थिइन्, 'पैसाको चिन्ता नगर् म छु ।'

जीवनमा पहिलोपटक दिसापिसाब, पसिना, पानपराग, मधु र मयल एकसाथ मडारिएको 'वीणा चलचित्र मन्दिर'भित्र पर्सें । सबैभन्दा अगाडि बसेर फिल्म हेर्सें । मान्छेको अभिनयभन्दा कुकुरको अभिनय देखेर तीन छक पर्सें । तर, राजेश हमाल कोक्रोबाट उठेर गुन्डाहरूलाई मुक्का हान्ने ३० वर्षे जवान भइसक्दा पनि कुकुर भने जस्ताको तस्तै । पछि पो बुझें, कुकुरको आयु हुँदो रहेछ १० देखि १३ वर्ष मात्रै । फिल्मको रमरम बोकेर साँझ गाउँ आइपुगियो । काकी र ठुली छोरी आफ्नो घरतिर लागे । म आफ्नो घरतिर । झमक्क रात परेपछि काकीको घरबाट मान्छे चिच्याएको रोएको आवाज आइरह्यो ।

गाउँमा माओवादीको हल्ला चल्न थाल्यो । माओवादीले जाँडरक्सी खानेलाई भाटे कारबाही गर्छ रे भन्ने पनि सुनियो । काकालाई माओवादीले भाटैभाटाले पिँडुलामा हानेको कल्पना गरिरहैं । तर, कल्पनामै सीमित रह्यो । एक दिन साँझ पुर्ने, भीमे, म (काले) मिलेर एउटा योजना बनायौं । सदाझैं टिल्ल भएर हल्लिँदै घर जाने बाटोमा लुकेर बस्यौं । आआफ्नो सर्ट र गन्जीले मुख छोप्यौं । बाँकटे हान्दै काका आइपुगे । 'रोक्' भन्दै हामी झाडीबाट फुत्त-फुत्त निस्कियौं । मैले उनको कन्चेटीमा बन्दुकजसरी साइकलको लेङ्गडा (स्ट्यान्ड) तेस्याएँ । 'सधैं रक्सी खाएर घरमा मान्छे कुट्ने तैं होइन ?' पुर्नेले भन्यो । काका अलमलिए, डराए । थर्थराउँदो स्वरमा भने, 'हो हजुर ।' 'हामी माओवादी हौं, भोलिबाट रक्सी खाएको थाहा पाइयो भने गोली ठोकिदिन्छौं,' भीमेले डाइलक सकायो । काका 'हस हजुर' भन्दै सम्हालिँदै, डराउँदै घरतिर लागे ।

त्यस दिन काकाले घरमा बबन्डर मच्चाएनछन् । एकोहोरो 'साला साला.' भन्दै सुतेछन् । काका सुधिएको नसुधिएको हेर्न भोलिपल्ट सोही ठाउँमा लुकेर बस्यौं । साँझपख काका फेरि बाँकटे हान्दै आइपुगे । केको सुधिनु ? मैले फेरि साइकलको लेङ्गडा काकाको कन्चेटीमा तेर्स्याएँ । सायद उनलाई शंका लाग्यो, अघिल्लो दिन जसरी तर्सिएनन् । कन्चेटीमा राखेको नक्कली बन्दुक च्याप्प समाएर आँखा अगाडि ल्याए । अनि खिस्स हाँस्दै भने, 'हे हे साइकलको लेङ्गडा पो रैछ ।' पुर्ने हाँस्यो, भीमे पनि हाँस्यो । नक्कली बन्दुकधारी मेरो पनि हाँसो खुस्कियो । तीनैजना मरिमरी हाँस्यौं । काकाले हामीलाई चिने । 'ए तिमरु पो.... ह ह ह, सात्तो पो लियौ त केटा हो,' काका हाँस्दै हल्लिँदै बाटो लागे । हामी खिस्निक्क भयौं ।

माओवादीका अनेक किस्सा अब किस्सामा सीमित रहेन । किनकि गाउँका धेरै मानिस माओवादीको आँधीमा मिसिइसकेका थिए । त्यो आँधीले पुर्ने, भीमे, कालेलाई पनि छाडेन ।

होलटाइमर भएको करिब ६ महिनापछि घर पुगेँ । घर पुगेर आधा खाना घरभित्र खाएँ, आधा घरबाहिर खाँदै थिएँ । दुई गाँस खानेबित्तिकै तल बुढुवा खोलातिर हेर्रें । मेरो सात्तो गयो । तल आर्मीको लस्कर हाम्रै घरतिर आउँदै रहेछ । खाँदाखाँदैको भात चटक्कै छाडेर तुफान भागेँ । गोली चलाउन भ्याएनन् । यता म खाना खाँदै गर्दा उता अघिल्लो लाइनका आर्मीहरू घरदेखि ५० मिटरनजिकैको बयरको बोटमा अलमलिएछन् । म भागेको देखेपछि घर पूरै घेरा हालियो । म चुरेको मसिना खोल्ची कट्दै डाँडा काटेर भागेँ । यता आर्मीहरूले घर खानतलासी गरेछन् । मैले युद्धभूमिबाट घरमा पठाएको चिठी भेटेछन् । बहिनीलाई कुट्न थालेछन् । तल गाउँलेहरूले म उम्किएको देखेनन्, अघिसम्म बाँसुरी बजाइरहेको सम्झिए । अब गाउँलेहरू डराउँदै मलाई कति वेला गोली ठोक्छ भन्दै आवाज पर्खिरहे । आँगनमा गाईबाख्रालाई दाना दिने सिलाबरको ठूलो भाँडा थियो, त्यसलाई म भन्ने ठानेछन् । गाउँलेहरू निकै आत्तिए, काकीसहित कतिपय गाउँलेहरू मलाई सम्झेर रोए ।

> घरको छाना लगाउनु, पुरुषसँगै खलामा धान झार्नु, परालको कुन्यु लगाउनु, आरा तान्नु, जंगलमा बन्चरो बोकेर जानु काकीका लागि मामुली काम थिए । यति मात्रै होइन, काकीले गोरु नारेर हलोसमेत जोतिन् । गाउँलेहरू काकीको सपना र हिम्मत देखेर छक्कै पर्थे । 'महिलाले घर छाउनुहुन्न, हलो जोत्नुहुन्न' भन्ने रुढीग्रस्त नियमको ठेक्का लिएर बस्ने पुरातन पुरुषहरू काकीका अघि चुइँक्क बोल्न सक्दैनथे ।

काकी रोइरहने खालकी थिइनन् । निराश हतास गाउँलेको भिडबाट काकी जुरुक्क उठिछिन् । त्यसपछि लमकलमक हाम्रो घरतिर हिँडिछिन् । उनको पछिपछि ठुली छोरी पनि गइन् । गाउँलेहरूले 'तिमीहरूलाई पनि गोली ठोक्छ नजाऊ' भनेछन् । तर, काकी रोकिने खालकी थिइनन् । सरासर हाम्रो घर पुगिन् । मलाई नदेखेपछि सन्तोकले लामो सास फेरिन् । बहिनी विमलालाई कुटिरहेको देखिछिन् । आर्मीले 'फुच्ची माओवादी भेटियो साप्' भन्दै लैजाने तर्खर गर्दै थिए । विमलालाई कसरी फुत्काउने काकीले उपाय सोच्न थालिन् । खोरमा बाख्रा कराइरहेका थिए । काकीकी ठुली छोरी आर्मीहरूसँग गफ गर्न थालिन् । त्यही वेला काकीले भनिन्,'विमला, हेर् बाख्रा भोकाएर कराकोकराकै छ । जा जा बाख्रा चराउन जा ।' त्यही मौका छोपेर विमला बाख्रा लिएर जंगलतिर टाप कसिन् । काकी र उनकी ठुली छोरी आर्मीहरूसँग एकछिन गफिएर आफ्नो घरतिर लागे । आर्मीहरू गस्तीका लागि चुरेको डाँडातिर उक्लिए ।

०००

त्यस दिनको घटनापछि लामो समय घर जान सकिनँ । धेरै वर्षपछि गाउँ पुग्दा सुरुमै काकीलाई भेट्न गएँ । तर, त्यहाँ न काकी थिइन्, न उनको घर । चुलो भएको ठाउँमा खरानी र अँगारको थुप्रो मात्रै देखें । भात्किएको वनमाराको भित्ता देखें । आँगनमा ओइलाएका केही फूलको बोट देखें । चर्खाको टुक्रा पर बारीमा देखें । मन खिन्न भयो । रुन मन लाग्यो । पछि थाहा पाएँ, ठुली छोरीको बिहे भएछ । दुई बहिनी माओवादीमा गएछन् । काका काठमाडौंतिर बस्छन् भन्ने सुनें । तर, जसजसलाई सोधे पनि काकीको ठेगाना कसैले बताउन सकेनन् ।

नयाँ घर बनाउने, छोरीहरूलाई धेरै पढाउने काकीको सपना पूरा भएन । बरु भएको घर 'भात्कियो', भात्कियो होइन, काकाले भत्काए । काकी हारिन् । भात्किसकेको घरमा पाँचौं सन्तानको रूपमा छोरा त जन्मिएछ, तर काकीले सहन सक्ने सीमाहरू सकिएछन् । जुन छोराका लागि काका तड्पिएका थिए, त्यही छोरा र कान्छी छोरी च्यापेर काकी गाउँबाट बेपत्ता भइन् ।

गाउँलेहरूले जति खोजे पनि काकीको ठेगाना पत्ता लगाउन सकेनन् । सायद काकी कुनै विरानो ठाउँमा भोको पेटमा पटुकी कसेर, गिट्टी कुटेर, ज्यामी काम गरेर, छोराछोरी पढाइरहेकी थिइन् । हुन सक्छ, काकीले त्यो विरानो ठाउँमा पनि फेरि नयाँ घर बनाउने सपना सजाएकी थिइन् ।

यता काकाको जीवनमा अर्को दयनीय दृश्य देखियो । एक दिन काकाको पछिपछि एकजना नयाँ काकी हिँडिरहेको गाउँलेले देखे । सुरुसुरुमा काकाले माया गरेझैं गरे । तर, पछि आफ्नो पुरातन स्वरूप देखाए । नामुद रक्स्याहालाई छहारी दिन कता-कताबाट आइपुगेकी नयाँ काकीलाई यति कुटे कि देख्नेहरूको सास रोकियो । अन्ततः गाउँलेहरूले जुक्ति निकाले । गाउँलेहरू मिलेर नयाँ काकीको पोल्टामा बाटो खर्च हालिदिए अनि महेन्द्र राजमार्गसम्म पुऱ्याइदिए । त्यसपछि ती नयाँ काकी कुन दिशा जाने गाडी चढेर कता पुगिन् कसैले हेक्का राखेनन् ।

दिनहरू यसरी नै बित्दै गए । म डाँडाकाँडा हिँड्नुपर्ने रुखहरूको जंगलबाट छुन पनि नमिल्ने सिमेन्टीको जंगलमा आइपुगें । एक दिन साँझ नयाँ नम्बरबाट फोन आयो । भनियो, 'के छ छोरा हालखबर ?' अकमक्क भएँ । चिनिहालेँ उनी उही काकी थिइन् । काकीले मेरी आमाको हालखबर सोधिन्, अनि आफू चितवनमा बस्दै आएको भनिन् । फोन राख्नुअघि भनेकी थिइन्, 'तँ चितवन आउँदा जसरी पनि मलाई फोन् गर है छोरा ।'

त्यसपछिका दिनमा काकीसँग कुरा भएन । वर्षौंपछिको एक दिन फेसबुकको दृश्यले झस्कायो । सधैं नयाँ घर बनाउने सपना देख्ने काकी अब घरै बनाउन नपर्ने दुनियाँतिर गइछिन् । त्यसै त काकीको ठेगाना हराएको थियो, अब झनै ठेगाना सोध्नै नपर्ने ठेगानातिर गइछिन् । हार्टअट्याट भएर काकीले संसारबाट बिदा लिइछिन् ।


०००

काकीले संसार छाडेको पनि आज वर्षौं बितिसक्यो । सायद गाउँका पाखापखेरीले पनि एउटी जोधाहा महिलालाई बिर्सिसक्यो होला । तर, हरेक वर्ष जब श्रमिक महिला दिवस आउँछ उनै काकीको सम्झनाले मन बेचैन बनाउँछ । काकीको सम्झना आउनेबित्तिकै संसारका महान् क्रान्तिकारी महिला सम्झिन्छु । काकी कुनै महान् क्रान्तिकारी थिइनन्, कुनै शक्तिशाली विचारक पनि थिइनन् । न थिइन् उनी क्लारा जेटकिन, रोजा लग्जेम्बर्ग, झाँसीकी रानी र योगमायाजस्ती नै । तर, आफ्नो जीवनमा रक्स्याहा लोग्नेलाई लात हानेर हिँड्ने विद्रोही महिला थिइन् । पितृसत्ताको नेलले बाँध्न नसकेको दोधाहा आमा थिइन् उनी ।

अहिले गाउँमा सबथोक 'फेरिएको' छ । तर, पितृसत्ताका नयाँ अवतार फेरिएका छैनन् । हिजोआज पनि जब गाउँ पुग्छु, सबैलाई भेटेर पनि कसैलाई भेट्न बाँकी छ जस्तो लागिरहन्छ । पितृसत्ताका प्रतिनिधिहरूलाई लात हानेर हिँड्ने काकीजस्ती विद्रोही महिलाको अभाव खड्किरहन्छ । गाउँ पुग्दा खेतहरू मिचेर बनेको फराकिलो सडकतिर हेरिरहन्छु, अनि सम्झिरहन्छु, 'यो गाउँमा काकीजस्तै साहसी, जोधाहा महिला लमकलमक लम्किँदै कहिले आउने होला ?'

कता जाला आर्टिफिसियल इन्टेलिजेन्स ?

एआई प्रविधि परिष्कृत हुँदै जाँदा कम्पनीलाई अन्तर्निहित मोडल विकसित गर्नु र त्यसलाई प्रशिक्षित गर्नु उत्ति नै कठिन र महँगो हुँदै गइरहेको छ । यसकै कारण अत्याधुनिक यो प्रविधि केही शक्तिशाली कम्पनीको मुठीमै रहेको भन्दै डिजिटल अधिकार अभियन्ताले चेतावनी दिएका छन् ।



कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग दिन-प्रतिदिन बढ्ने क्रममा छ । लामो समयसम्म 'एआई' केवल विज्ञानको कथा र विनाउद्देश्य गरिने एउटा शोधको हिस्सा बन्दै आएको थियो । तर, अहिले च्याटजिपिटी र बार्ड च्याटबोटजस्ता 'एआई'मा लाखौं प्रयोगकर्ता झुम्मिएका छन् । कम्पनीहरूले पनि नयाँ-नयाँ 'एआई' डेभलप गरिरहेका छन् । पछिल्लो समय त भिडियो जेनेरेट गर्ने 'एआई'समेत आइसकेका छन् । तर, विशेषज्ञले भने यसलाई भविष्यको एउटा झलक मात्रै भएको बताउँदै आएका छन् ।

'एडा लर्निङ' नामक स्टार्टअपकी चिफ इनोभेसन अफिसर तथा 'एआई'माथिको एउटा किताबकी लेखक लेआ स्टाइनाकरका अनुसार 'एआई' आफ्नो आइफोन मोमेन्टसम्म पुगिसकेको छ । उनीहरूको इसारा सन् २००७ मा आएको एप्पलको स्मार्टफोनतिर थियो, जसले फोनमा मोबाइल इन्टरनेटलाई लोकप्रिय बनाएको थियो ।

स्टाइनाकरका अनुसार च्याटजिपिटी र योजस्ता अन्य एप्लिकेसन्सले 'एआई' उपकरणलाई आममानिससम्म पुऱ्याएका छन् । साथै, समग्रमा यसको असर समाजमाथि पर्नेछ ।

चुनावलाई प्रभावित गर्न सक्छ 'डिपफेक'ले

अहिले जेनेरेटिभ एआई प्रोग्राममार्फत जोसुकै व्यक्तिले केही सेकेन्डमै कामचलाउ चिजबिजबाट ठोस र प्रभावकारी कन्टेन्ट र तस्बिर बनाउन सक्छ । यसले 'डिपफेक' सामग्री बनाउने कामलाई झन् सहज बनाइदिएको छ ।

विशेषज्ञहरू भन्छन्- सन् २०२४ मा जतिजति अमेरिकी राष्ट्रपति निर्वाचनदेखि युरोपेली संसद्को चुनावको मिति नजिकिँदै गएको छ, त्यतित्यति जनताको बुझाइलाई प्रभावित पार्ने या मतदानपूर्व नै अशान्ति भड्काउने उद्देश्यस्वरूप 'डिपफेक' प्रयोगमा वृद्धि देखिनेछ ।

युरोपेली संघ (इयू) को साइबर सुरक्षा एजेन्सीले गत वर्ष अक्टोबरमा 'डिपफेक'को खतराप्रति सचेत गराउने रिपोर्ट सार्वजनिक गरेको थियो । त्यतिवेला एजेन्सीका कार्यकारी निर्देशक युहान लेपसारले चेतावनी दिँदै इयूको चुनावी प्रक्रियाको विश्वास साइबर सुरक्षित पूर्वाधार ढाँचा र सूचनाको उपलब्धता तथा अखण्डतामाथि आफूहरूलाई कत्तिको विश्वास छ भन्ने विषयमा निर्भर हुने बताएका थिए ।

'डिपफेक'को असर कति हुन्छ भन्ने विषय सामाजिक सञ्जाल कम्पनीको यसबाट छुटकारा पाउने प्रयासबाट थाहा हुनेछ । गुगलको युट्युब र मेटाको फेसबुक तथा इन्स्टाग्रामजस्ता कैयौं प्लेटफर्मले 'एआई' प्रयोग गरी बनेका सामग्री पहिचान गर्न नीति लागू गरेका छन् । यसको प्रभाव यो वर्ष थाहा हुनेछ ।

'एआई' निर्मित सामग्रीको हकदार को ?

जेनेरेटिभ 'एआई' उपकरण विकसित गर्नका लागि कम्पनीहरू अन्तर्निहित मोडललाई इन्टरनेटबाट प्राप्त हुने ठूलो मात्रामा टेक्स्ट र तस्बिरमार्फत प्रशिक्षित गर्छन् । अहिलेसम्म उनीहरूले मूल रचनाकार, जस्तै- लेखक, चित्रकार या फोटोग्राफरसँग सहमति लिएविना नै यी संसाधनको प्रयोग गरिरहेका छन् । तर, जोसँग यसको प्रतिलिपि अधिकार छ, उनीहरूले यसलाई प्रतिलिपि अधिकार उल्लंघन भएको मान्छन् । यही अन्यायविरुद्ध उनीहरू लडिरहेका छन् ।

'द न्युयोर्क टाइम्स'ले च्याटजिपिटीको कम्पनी ओपेनएआई र माइक्रोसफ्टले पत्रिकाका लाखौं लेख प्रयोग गरेको आरोप लगाउँदै मुद्दा हाल्ने घोषणा गरेको छ । त्यस्तै, जोन ग्रिसम, जोनाथन फ्रेन्जेनसहित केही अमेरिकी उपन्यासकारको समूहले ओपेनएआईमाथि आफ्नो सामग्रीको दुरुपयोग भएको भन्दै उजुरी दिने बताएका छन् ।

यसबाहेक अन्य कैयौं मुद्दा पनि विचाराधीन अवस्थामा छन् । फोटो एजेन्सी गेट्टी इमेजेजले आफ्ना तस्बिरको विश्लेषण गरेकामा एआई कम्पनी स्टेबिलिटी एआईविरुद्ध मुद्दा हाल्ने भएको छ । 'स्टेबल डिफ्युजन इमेज क्रिएसन सिस्टम' स्टेबिलिटी एआई कम्पनीकै हो ।

यी विभिन्न मुद्दामाथिको पहिलो फैसला यही वर्ष आउन सक्ने बताइएको छ । यसले प्रतिलिपि अधिकारको वर्तमान नियमकानुनमा 'एआई'लाई कस्तो सुधार आवश्यक छ भन्ने पनि थाहा हुनेछ ।

> इन्टेलिजेन्स प्रविधिलाई नियमले बाँध्नुपर्ने आवश्यकता रहेको यही क्षेत्रका विशेषज्ञ बताउँछन् । वर्षौंसम्म चलेको बहसपछि गत वर्ष डिसेम्बरमा इयू 'एआई' विधेयकमा सहमत बन्यो । यो विधेयक विश्वकै पहिलो 'एआई' विशिष्ट कानुन हो ।

एआईको शक्ति कसको हातमा छ ?

एआई प्रविधि परिष्कृत हुँदै जाँदा कम्पनीहरूलाई अन्तर्निहित मोडल विकसित गर्नु र त्यसलाई प्रशिक्षित गर्नु उत्ति नै कठिन र महँगो हुँदै गइरहेको छ । यसकै कारण अत्याधुनिक यो प्रविधि केही शक्तिशाली कम्पनीको मुठीमै रहेको भन्दै डिजिटल अधिकार अभियन्ताले चेतावनी दिएका छन् ।

ब्रसेल्सस्थित गैरनाफामूलक संगठन 'एक्सेस नाउ' मा युरोपियन पोलिसी एन्ड एड्भोकेसीकी निर्देशक फेनी हिडभेगी भन्छिन्, 'केही प्रविधि कम्पनीको हातमा पूर्वाधार, कम्प्युटर पावर र डेटाको विषयमा शक्तिको केन्द्रीकरणले प्रविधि क्षेत्रमा लामो समयदेखि जारी समस्यालाई देर्शाउँछ ।'

हिडभेगीका अनुसार प्रविधि मानिसको जीवनको अनिवार्य हिस्सा बन्दै जाँदा 'एआई'ले समाजलाई कसरी नयाँ आकार दिन सक्छ भन्ने केही निजी कम्पनीले तय गर्नेछन् ।

एआई कानुन

कारमा बेल्ट बाँधेझैं आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिलाई पनि नियमले बाँध्नुपर्ने आवश्यकता रहेको यही क्षेत्रका विशेषज्ञ बताउँछन् । वर्षौंसम्म चलेको बहसपछि गत वर्ष डिसेम्बरमा इयू 'एआई' विधेयकमा सहमत बन्यो । यो विधेयक विश्वकै पहिलो 'एआई' विशिष्ट कानुन हो ।

अहिले सबैको ध्यान ब्रसेल्सको निकायमाथि छ । सो निकायले सही कदम उठाउला, नयाँ नियम लागू गर्ला र नियममा कसरी परिवर्तन गर्ला भन्नेमा सबैले चासो लिएका छन् । स्टाइनाकरका अनुसार यो विषय निकै जटिल हो । भोलिका दिनमा सल्टाउनै नसकिने समस्यासमेत आउन सक्छन् ।

(एजेन्सीको सहयोगमा मीनराज बसन्तको अनुवाद ।)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २६ फागुन ०८०

मधेशको आन्तरिक आम्दानी वृद्धिदर निराशाजनक

साधारण खर्च धान्न पनि संघीय बजेटकै भर



आफ्नै कर्मचारी नहुँदा खर्च र आयमा पछि परेका छौं

प्रदेश सरकारले संघबाट कर्मचारी लिएर काम गर्नुपर्ने बाध्यता छ। सरकारले नीति-निर्माण र बजेट ल्याउने हो। त्यसको कार्यान्वयन गर्ने दायित्व कर्मचारीको हुन्छ। प्रदेशको आफ्नो कर्मचारी छैन। संघको कर्मचारी कुन वेला सरुवा हुन्छ, ठेगान पनि हुँदैन। त्यसकारण बजेट खर्च र आन्तरिक आयमा प्रदेश सरकार पछि परेको छ।

● **मोहम्मद समिम**, गृह, सञ्चार तथा कानुनमन्त्री, मधेश प्रदेश



बजेटको अनुपातमा हाम्रो आन्तरिक आम्दानी नगण्य छ। नयाँ संरचना भएकाले पनि अहिले संघकै बजेटमा भर पर्नुपर्ने अवस्था छ। तर, यो मधेश प्रदेशको मात्र नभई सबै प्रदेशको साझा समस्या हो।

● **अजयकुमार कर्ण**, निमित्त सचिव, अर्थ मन्त्रालय, मधेश प्रदेश



जुन सरकारले आफ्नो बजेट खर्च गर्न सकिरहेको छैन, त्यो सरकारले आन्तरिक आम्दनी बढाउनेतर्फ ध्यान दिन्छजस्तो लाग्दैन। बर्सेनि सार्वजनिक हुने बजेट नै खर्च गर्ने सामर्थ्य बढाउनु जरुरी देखिएको छ।

● **डा. सुरेन्द्र झा**, अर्थविद्

जनकपुरमा **हदिश खुद्दार**

संघीयता लागू भएको सात वर्ष बितिसक्दा पनि मधेश प्रदेशले साधारण खर्च जुटाउन संघीय बजेटमै भर पर्दै आएको छ। मधेशको आन्तरिक आय वृद्धिदर पनि सन्तोषजनक नभएको अर्थविद्हरूले टिप्पणी गरेका छन्।

आन्तरिक राजस्व संकलनका लागि नीतिगत व्यवस्था भइसके पनि प्रदेश सरकारको उदासीनताले नतिजा आउन नसकेको हो। आन्तरिक राजस्व बढाउने उद्देश्यसहित प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७९ जारी गरिएको छ। तर, आन्तरिक राजस्व संकलनको वृद्धिदर भने निराशाजनक छ।

मधेश प्रदेशको अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष ०७८/७९ मा तीन अर्ब ५४ करोड नौ लाख रुपैयाँ आन्तरिक राजस्व संकलन भएको थियो। गत आव ०७९/८० मा अघिल्लो वर्षभन्दा २४ करोड ६ लाख रुपैयाँ बढेर तीन अर्ब ७८ करोड १५ लाख रुपैयाँ आम्दानी भएको अर्थ मन्त्रालयले जनाएको छ। गत आवमा प्रदेशले कुल ४७ अर्ब दुई करोड ५० लाख रुपैयाँको बजेट ल्याएकोमा चालूतर्फ मात्रै २० अर्ब ७५ करोड रुपैयाँ विनियोजन गरिएको थियो।

सरकारले संकलन गर्दै आएको राजस्वले मातहतका कर्मचारी, प्रदेश सभा सदस्यलगायतको तलब-भत्ता र कार्यालय सञ्चालन खर्च धान्न पनि नसकिएको मधेश प्रदेश अर्थ मन्त्रालयका निमित सचिव अजयकुमार लाल कर्णले स्वीकार गरे। 'बजेटको अनुपातमा हाम्रो आन्तरिक आम्दानी नगण्य छ। नयाँ संरचना भएकाले पनि अहिले संघकै बजेटमा भर पर्नुपर्ने अवस्था छ,' उनले भने, 'तर, यो मधेश प्रदेशको मात्र नभई सबै प्रदेशको साझा समस्या हो।'

कर्णले प्रदेश सरकार गठनको ६ वर्ष भइसक्दा पनि सरकार व्यवस्थित रूपमा सञ्चालन हुन नसक्दा राजस्व संकलनमा असर परेको दाबी गरे। त्यस्तै, कर्मचारी अभावका कारण विभिन्न महाशाखा पनि छुट्याउन नसकेको उनको भनाइ छ। यद्यपि, प्रदेश सरकारले आफ्नो आय वृद्धि गर्न स्रोत पहिचान गर्ने कार्यलाई अगाडि बढाइरहेको उनले जानकारी दिए।

अर्थविद्हरूले भने बर्सेनि सार्वजनिक हुने बजेट नै खर्च गर्न मधेश सरकार असमर्थ भइरहेकाले आन्तरिक राजस्व संकलनमा सुधार गर्न पनि चासो नदिएको आरोप लगाएका छन्। अर्थविद् डा. सुरेन्द्र झाले संघले दिएको बजेटसमेत खर्च गर्न मधेश प्रदेशले नसकिरहेको बताउँछन्। 'जुन सरकारले आफ्नो बजेट खर्च गर्न सकिरहेको छैन, त्यसो सरकारले आन्तरिक आम्दनी बढाउनेतर्फ ध्यान दिन्छजस्तो लाग्दैन,' उनले भने।

प्रदेशको खर्च गर्ने क्षमता कमजोर हुँदा पनि आय संकलनमा सुधार नभएको विज्ञको भनाइ छ। प्रदेशले पाँच वर्षयता सबैभन्दा बढी आव ०७७/७८ मा कुल विनियोजनको ६५ प्रतिशत मात्रै खर्च गर्न सकेको थियो भने ०७६/७७ मा कुल विनियोजित बजेटको ४० प्रतिशत मात्रै खर्च भएको थियो।

यसैगरी, आव ०७५/७६ मा ५१.७३ प्रतिशत, आव ०७४/७५ मा ५६.२७ र आव ०७९/८० मा ४२ प्रतिशत बजेट मात्रै खर्च भएको अर्थ मन्त्रालयले जनाएको छ। संघीय सरकारले उपलब्ध गराएको बजेट पनि खर्च नगर्दा आन्तरिक आयको क्षेत्र विकास हुन नसकेको अर्थविद् झा बताउँछन्। 'प्रदेशले पाएको बजेट कुनै उद्योग कलकारखाना, शिक्षा, स्वास्थ्य, कृषिसहितका क्षेत्रमा योजना बनाएर खर्च गरेको भए राजस्व संकलनको क्षेत्र पनि विस्तार हुन्थ्यो,' उनी भन्छन्, 'तर, प्रदेश सरकारको नेतृत्व यो विषयमा चुकेको छ।

प्रदेश सरकारका प्रवक्तासमेत रहेका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले कर्मचारीको अभावमा योजनाअनुसारको बजेट खर्च हुन नसकिरहेको दाबी गरे। 'प्रदेश सरकारले अझै पनि अधिकांश कर्मचारी संघबाट लिएर काम गर्नुपर्ने बाध्यता छ,' उनले भने, 'सरकारले नीति-निर्माण र बजेट ल्याउने हो। त्यसको कार्यान्वयन गर्ने दायित्व कर्मचारीको हुन्छ। प्रदेशको आफ्नो कर्मचारी छैन। संघको कर्मचारी कुन वेला सरुवा हुन्छ, ठेगान पनि हुँदैन। त्यसकारण बजेट खर्च र आन्तरिक आयमा प्रदेश सरकार पछि परेको छ।'



मधेशको आन्तरिक आम्दानी

आव ०७५/७६ : चार अर्ब ५३ करोड
आव ०७६/७७ : दुई अर्ब ७३ करोड
आव ०७७/७८ : दुई अर्ब ९५ करोड
आव ०७८/७९ : तीन अर्ब ५४ करोड
आव ०७९/८० : तीन अर्ब ७८ करोड

● प्रदेशले सवारीसाधन, घरजग्गा रजिस्ट्रेसन, मनोरञ्जन, विज्ञापन, प्राकृतिक स्रोत, सेवा शुल्क दस्तुर, सिमेन्टबाट प्रतिबोरा एक रुपैयाँ, ट्राफिक जरिवानालगायतका कर उठाउने गरेको छ।

एमसिसीबाट पाँच वर्षमा भित्रियो दुई करोड ५२ लाख डलर

अमेरिकी अनुदान र नेपाल सरकारबाट पुससम्म चार करोड ९० लाख डलर खर्च

एमसिसीबाट कुन वर्ष कति पैसा भित्रियो

आव ०७५/७६	७०.७५ लाख डलर
आव ०७६/७७	२३.६५ लाख डलर
आव ०७७/७८	४५.३१ लाख डलर
आव ०७८/७९	३०.३९ लाख डलर
आव ०७९/८०	५३.०५ लाख डलर
चालू आव (पुस)	२९.०३ लाख डलर

नेपाल सरकारबाट हालसम्म भएको लगानी

आव ०७६/७७	९३.९९ करोड रुपैयाँ
आव ०७७/७८	१६२.९० करोड रुपैयाँ
आव ०७८/७९	१९.७२ करोड रुपैयाँ
आव ०७९/८०	२.४९ करोड रुपैयाँ

नेपालले निकासा गरेको रकमबाट एमसिएले जग्गा प्राप्तिलगायत शीर्षकमा खर्च गरेको छ।



■ कुल ६९.७० करोड डलरको परियोजनामा नेपालको १९.७० करोड डलर लगानी

■ नेपालमा काम भइसकेपछि पेस गरेको बिलका आधारमा एमसिसीले अनुदानबापतको रकम भुक्तानी दिने व्यवस्था

■ अहिलेसम्म नेपाल सरकारबाट दुई करोड ३८ लाख डलर खर्च

मिलन विश्वकर्मा/नयाँ पत्रिका

अमेरिकी सरकारको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)बाट पाँच वर्षमा दुई करोड ५२ लाख डलर भित्रिएको छ। एमसिसीबाट नेपालले अनुदान आउने ५० करोड डलरमध्ये साउन ०७५ देखि पुस ०८० सम्म सो रकम भित्रिएको हो।

नेपालस्थित एमसिसी अनुदान कार्यान्वयन गर्ने निकाय मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए)ले नयाँ पत्रिकालाई उपलब्ध गराएको सूचनाअनुसार चालू आवको ६ महिनामा मात्रै एमसिसीबाट २९ लाख तीन हजार डलर भित्रिएको छ।

एमसिसीले आव ०७५/७६ यता परियोजनाको पूर्वतयारी, कार्यालय सञ्चालन, कर्मचारीको तलबलगायत शीर्षकमा नेपाललाई अनुदान उपलब्ध गराउँदै आएको छ। सम्झौताअनुसार एमसिसीबाट आउनेमध्ये ४०.५ मिलियन डलर र नेपाल सरकारको ४० मिलियन डलरसम्मको रकम पूर्वतयारीमा खर्च गर्न सकिन्छ। हाल पूर्वतयारीको नाममा नै एमसिसीबाट रकम आइरहेको हो।

पुस मसान्तसम्म एमसिसी परियोजनामा नेपाल सरकारबाट भने दुई करोड ३८ लाख डलर खर्च भइसकेको छ। नेपालले निकासा गरेको रकमबाट एमसिएले जग्गा प्राप्तिलगायतका शीर्षकमा खर्च गरेको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

एमसिसीको ५० करोड डलर अनुदान र नेपालको १९.७० करोड डलर लगानी गरेर कुल ६९.७० करोड डलरमा तीन सय १५ किलोमिटरको चार प्रसारणलाइन, चार सय केभी क्षमताका तीनवटा सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको दाङमा ४० किमि सडकखण्डसहित एक सय ३० किलोमिटर सडक विशेष रूपमा मर्मत गर्ने आयोजना निर्माण हुँदै छन्।

प्रसारणलाइनअन्तर्गत चार केजी केभी डबल सर्किट क्षमताका तीन सय १५ किलोमिटर लम्बाइका चार प्रसारणलाइन बनाइनेछ। त्यसमा लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (एक सय १७ किलोमिटर), रातमाटे-न्यु दमौली (९० किलोमिटर), न्यु दमौली-न्यु बुटवल (९० किलोमिटर) प्रसारणलाइन बन्नेछन्।

साथै, नेपाल-भारत दोस्रो अन्तरदेशीय प्रसारणलाइन (न्यु बुटवल-गोरखपुर)अन्तर्गतको नेपाल खण्ड (१८ किलोमिटर)समेत एमसिसीअन्तर्गत बनाउने योजना छ। यसको निर्माणका लागि पुनः टेन्डर आह्वान गर्ने तयारी छ।

यी प्रसारणलाइनलाई प्रसारण प्रणालीमा जोड्न रातमाटे, बुटवल र दमौलीमा चार सय केभी क्षमताका एक-एकवटा सबस्टेसन बन्नेछन्। त्यसको निर्माणका लागि भने टेन्डर आह्वान भइसकेको छ। यो परियाजना गत १३ भदौबाट कार्यान्वयनमा आइसकेको छ।

एमसिसीसँगको सम्झौताअनुसार कार्यान्वयनमा प्रवेश गरेको पाँच वर्ष अर्थात् २९ अगस्ट ०२८ भित्र परियोजनाको निर्माण सम्पन्न गरिसक्नुपर्नेछ। उक्त अवधिमा काम सम्पन्न नभए एमसिसीले खर्च हुन नसकेको पैसा पठाउनेछैन।

अमेरिकाले कम विकसित तथा विकासोन्मुख मुलुकमा पूर्वाधार निर्माण गर्न एमसिसीमार्फत अनुदान दिँदै आएको छ। नेपालले पनि सोही अनुदान लिएर प्रसारणलाइन, सबस्टेसन तथा सडक मर्मत गर्ने गरी सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता गरेको थियो। गत १५ फागुनमा उक्त सम्झौता संसद्ले अनुमोदन गरेसँगै पक्रिया अघि बढेको हो।

अमेरिकी अनुदान र नेपाल सरकारले निकासा गरेको रकमबाट एमसिए नेपालले पुससम्म चार करोड ९० लाख डलर खर्च गरिसकेको छ।

एमसिसीले खर्च भएको बिलका आधारमा नेपाललाई अनुदान रकम निकासा गर्दै आएको छ। एमसिसीबाट आएको रकम एमसिए नेपालको खातामा मौज्याद राख्न मिल्दैन। खर्चको बिलका आधारमा एमसिसीले भुक्तानी दिन्छ। त्यसपछि एमसिए नेपालले सम्बन्धित पक्षलाई भुक्तानी दिने गरेको छ। नेपालले पेस गरेको प्रत्येक बिलको मूल्यांकनपछि भुक्तानी हुने गरेको छ।

पाँच दिन बाँकी रहँदा अध्यक्षका लागि आवेदन नै परेन

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डको अध्यक्षका लागि आवेदन दिन पाँच दिन मात्र बाँकी रहँदा हालसम्म कुनै पनि आवेदन परेको छैन। आवेदन दिने समय आगामी ३० फागुनसम्म रहेको छ।

'अहिलेसम्म कसैको आवेदन परेको छैन, सायद अन्तिम दिन नै इच्छुकले आवेदन दिन्छन् होला,' अध्यक्ष सिफारिस समितिका एक अधिकारीले भने। सरकारले ४ माघमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा अर्थसचिव कृष्णहरि पुष्कर र शंकरदेव क्याम्पसका प्राध्यापक उदय निरौला सदस्य रहेको समिति गठन गरेको छ। सो समितिले 'अध्यक्ष नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि, २०८०' तयार गरेर आवेदन आह्वान गरेको थियो।

अध्यक्ष उम्मेदवारका लागि विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेको हुनुपर्ने मापदण्ड बनाइएको छ। मापदण्ड पुगेका बोर्डमा कार्यरत तीनजना कार्यकारी निर्देशकले समेत अध्यक्षमा उम्मेदवारी दिने आकांक्षा राखेका छन्।

स्रोतका अनुसार बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी, मुक्तिनाथ श्रेष्ठ र कृष्णराज पोखरेल आवेदन दिने अन्तिम तयारीमा छन्। अधिकारी र श्रेष्ठ आवेदन दिनकै लागि बिदामा बसेका छन् भने पोखरेल सत्ता समीकरणमा आएको परिवर्तनसँगै आवेदन नदिने मुडमा रहेको स्रोतको भनाइ छ।

■ पेट्रोलियम अन्वेषण गर्न ड्रिलिङ मेसिन आयात



दैलेखमा **विष्णु शर्मा**

दैलेखमा पेट्रोलियम अन्वेषणका लागि जमिनमुनि चार किलोमिटरसम्म ड्रिलिङ गर्ने मेसिन आयात भएको छ।

ड्रिलिङसहितका मेसिन उपकरण बोकेका आठवटा ट्रक नेपालगन्जस्थित रुपैडिया नाकामा पुगेका हुन्। सबै उपकरण भारतको कोलकाताबाट ल्याइएको हो।

पेट्रोलियम अन्वेषणका लागि मेसिन उपकरण लिएर दुई सयभन्दा बढी ट्रक दैलेख आउने भएका छन्। त्यसमध्ये पहिलो चरणमा आठवटा ट्रकमा ल्याइएको सामान छुटाउन रुपैडिया नाकामा भन्सार छुटको कागजात मिलाउने काम भइरहेको खानी तथा भूगर्भ विभागका अन्वेषण प्रमुख डा. गणेशनाथ त्रिपाठीले जानकारी दिएका छन्। चीनको जिओलोजिकल सर्भे कम्पनीको नाममा भन्सार छुट पत्र तयार गरिएको भए पनि उक्त पत्रमा नेपाल सरकार र जिओलोजिकल सर्भे कम्पनीको नाम समावेश गर्नुपर्ने भन्दै अर्थ मन्त्रालयमा डेढ महिनाअघि नै पत्र पठाइएको थियो।

> पेट्रोलियम अन्वेषणका लागि मेसिन उपकरण लिएर दुई सयभन्दा बढी ट्रक दैलेख आउने भएका छन्, त्यसमध्ये पहिलो चरणमा आठवटा ट्रकमा ल्याइएको खानी तथा भूगर्भ विभागका अन्वेषण प्रमुख डा. गणेशनाथ त्रिपाठीले जानकारी दिए

मन्त्रालयले भन्सारमा पत्राचार नगरेका कारण केही ढिलाइ भएको भए पनि पहिलोपटकको समस्या समाधान भए अन्य सामान आउन सहज हुने विभागले जानकारी दिएको छ।

भन्सारमा रोकिएका सामान नेपालगन्जबाट सुर्खेतदेखि कर्णाली राजमार्ग हुँदै चामुण्डा विन्द्रासैनी नगरपालिकाबाट मध्यपहाडी राजमार्गको सडक प्रयोग गरेर अन्वेषण स्थल दैलेखको जलजले आउनेछन्।

यसअघिका अन्य तीनवटा चरणमा काम गर्दा दैलेखका करिब तीन हजारभन्दा बढी युवाले रोजगारी पाएका थिए। अहिले पनि अन्तिम अन्वेषणका वेलामा धेरैभन्दा धेरै स्थानीय बासिन्दाले रोजगारी पाउने अपेक्षा राखेका छन्।

पूर्व-पश्चिम मध्यपहाडी चार सय केभी प्रसारणलाइन बनाइँदै

परियोजना बनाउन झन्डै आठ खर्ब रुपैयाँ आवश्यक पर्ने प्राधिकरणको अनुमान

● पूर्वको अरुण हब-तिंगला-खिम्ती-लप्सीफेदीसम्म चार सय केभीको प्रसारणलाइन बनाउने प्राधिकरणको प्रस्ताव

● लप्सीफेदीबाट पश्चिम दमौलीसम्म भने अमेरिकी संस्था मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को अनुदान र सरकारकै लगानीमा चार सय केभी क्षमताकै प्रसारण बन्दै



● हुलाकी राजमार्ग साइटमा बन्ने प्रसारणलाइनको लमही-दोधारा खण्डमा भने भारतको एक्जिम बैंकले सहुलियत ऋण दिने प्रारम्भिक सहमति

● एक्जिम बैंकले नेपालको सडक निर्माणमा उपलब्ध गराउँदै आएको सहुलियत ऋणलाई प्रसारणलाइनमा रूपान्तरण (रकमान्तर) गर्ने गरी प्रक्रिया अघि बढाइयो

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले पूर्व-पश्चिम मध्यपहाडी प्रसारणलाइन बनाउने गरी महत्त्वाकांक्षी परियोजना अघि बढाएको छ। पहाडी क्षेत्रमा पूर्वदेखि पश्चिमसम्म चार सय केभी क्षमताको प्रसारणलाइन बनाउने गरी प्राधिकरणले सम्भाव्यता अध्ययन अघि बढाएको हो।

पूर्वको अरुण हबदेखि तिंगला-खिम्ती-लप्सीफेदी-दमौली हुँदै पश्चिमको सेती करिडोरसम्म प्रसारणलाइन बनाउने योजना प्राधिकरणको छ। सोही लक्ष्यअनुसार हाल यसको सम्भाव्यता अध्ययन भइरहेको प्राधिकरणका उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बताए। 'यसका लागि रुट पहिचान गर्नेलगायत प्राविधिक अध्ययन तथा सम्भाव्यता अध्ययन गर्ने काम भइरहेको छ। सम्भाव्यता अध्ययनको प्रतिवेदन आएपछि सोहीअनुसार यो परियोजनाको विकास प्रक्रिया अघि बढ्छ,' उनले भने, 'सञ्चालनमा रहेका, निर्माणाधीन र योजनामा रहेका अधिकांश जलविद्युत् आयोजना पहाडी क्षेत्रमै छन्। त्यहाँबाट उत्पादित विद्युत्लाई सहज रूपमा राष्ट्रिय ग्रिडमा जोड्ने गरी यो परियोजनाको अध्ययन गरिरहेका छौं। यसलाई प्रचलित तथा भविष्यमा बन्ने अन्य प्रसारणलाइन तथा सबस्टेसनमा अन्तरआबद्धता पनि गरिनेछ।' हाल पहाडी क्षेत्रमा पूर्व-पश्चिम प्रसारणलाइन छैन।

पूर्वको अरुण हब-तिंगला-खिम्ती-लप्सीफेदीसम्म चार सय केभीको प्रसारणलाइन बनाउने प्राधिकरणको प्रस्ताव छ। लप्सीफेदीबाट पश्चिम दमौलीसम्म भने अमेरिकी संस्था मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)को अनुदान र सरकारकै लगानीमा चार सय केभी क्षमताकै प्रसारण बन्दै छ, त्यसमै मध्यपहाडी प्रसारणलाइनलाई अन्तरआबद्ध गर्ने प्राधिकरणको योजना छ। दमौलीबाट भने पश्चिमतर्फ रुकुम-पश्चिमको बाफीकोट हुँदै सेती करिडोरसम्म प्रसारणलाइन पुऱ्याउने गरी प्राधिकरणले अध्ययन गरिरहेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले यस परियोजनाको सम्भाव्यता अध्ययन अन्तिम चरणमा पुगिसकेको बताए। यो लाइन बनेमा उत्पादित विद्युत् प्रसारण गर्न धेरै सहज हुने उनले बताए।

■ हुलाकी राजमार्गको छेउमा पनि चार सय केभीकै पूर्व-पश्चिम प्रसारणलाइन

प्राधिकरणले तराईमा निर्माणाधीनमा पूर्व-पश्चिम हुलाकी राजमार्गको छेवैबाट चार सय केभीकै पूर्व-पश्चिम प्रसारणलाइन बनाउने गरी पनि अध्ययन अघि बढाएको छ। पूर्वको अनारमनीदेखि निजगढसम्म र गण्डकदेखि पश्चिम दोधारासम्म चार सय केभीको प्रसारणलाइन बनाउने गरी प्राधिकरणले अध्ययन अघि बढाएको छ। बीचको भाग अर्थात् निजगढदेखि गण्डकसम्म भने तत्काललाई थप प्रसारणलाइन नबनाउने प्राधिकरणको योजना छ।

■ लमही-दोधारा खण्डमा एक्जिम बैंकको सात सय मिलियन डलर

हुलाकी राजमार्ग साइटमा बन्ने प्रसारणलाइनको लमही-दोधारा खण्डमा भने भारतको एक्जिम बैंकले सहुलियत ऋण दिने प्रारम्भिक सहमति भएको छ। एक्जिम बैंकले नेपालको सडक निर्माणमा सहुलियत ऋण उपलब्ध गराउँदै आएको छ, त्यही शीर्षकको बजेट प्रसारणलाइनमा रूपान्तरण (रकमान्तर) गर्ने गरी प्रक्रिया अघि बढेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

उनका अनुसार एक्जिम बैंकले यसमा सात सय मिलियन डलर लगानी गर्नेछ। अन्य विभिन्न प्रसारणलाइनमा समेत एक्जिम बैंकले लगानी गर्ने गरी छलफल अघि बढेको उनले बताए।

का.जि.द.नं.१२८/०६३/६४, म.से.दु.नि.द.न. १७/०६९/०७०
शनिबार २६ फागुन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

आइसिसी वरीयतामा नेपाली क्रिकेटरको फड्को

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले जारी गरेको टी-२० खेलाडीहरूको वरीयतामा नेपाली क्रिकेटरले फड्को मारेका छन् । उनीहरूले विश्व क्रिकेटकै हस्तीलाई समेत वरीयतामा पछि पारेका छन् । धेरैपछि नेपाली क्रिकेटरको विधागत वरीयतामा सुधार आएको हो । कप्तान रोहितकुमार पौडेल, अलराउन्डर दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, गुल्सन झा, करण केसीले ठूलो छलाङ मारेका छन् । भारतका स्टार ब्याट्सम्यान शुभमन गिल, जिम्बावेका सिकन्दर राजा, इंग्ल्यान्डका मोइन अली, पाकिस्तानका मोहमद नवाजर र अस्ट्रेलियाका मिचेल मार्सजस्ता खेलाडी पनि आइसिसी वरियतामा नेपाली खेलाडीभन्दा पछि परेका छन् ।



■ अलराउन्डरमा दीपेन्द्रले सुधारे ४८ स्थान, २७औँ स्थानमा पुगे

अन्तर्राष्ट्रिय टी-२० अलराउन्डरतर्फ वरीयतामा दीपेन्द्रसिंहले एकैपटक ४८ स्थान सुधार गरेका छन् । उनी अहिले २७औँ स्थानमा रहेको आइसिसीले जनाएको छ । यसपटक उनले एक सय १२ रेटिङ पाएका छन् । पछिल्लो वरीयतामा उनी ७५औँ स्थानमा थिए । आइसिसीको टी-२० अलराउन्ड वरीयतामा कुनै समय दीपेन्द्रसिंह शीर्ष दशभित्र थिए । उनी लामो समयसम्म अलराउन्डर वरीयताको नवौँ स्थानमा रहेका थिए । ताजा टी-२० अलराउन्डर वरीयतामा दीपेन्द्रसिंहले अफगानिस्तानका करिम जनतलाई एक स्थानले पछि पारेका छन ।

उनले टी-२० अलराउन्डरमा वेस्ट इन्डिजका एन्ड्रे रुसेल (३१), अफगानिस्तानका रासिद खान (३१) र इंग्ल्यान्डका साम करन (४५) जस्ता खेलाडीलाई पछि पारे । दीपेन्द्रसिंहले टी-२० ब्याटिङ वरीयतामा पनि सुधार गरेका छन् । यसपटक उनले ३१ स्थान सुधार गरे । उनी अहिले ७०औँ स्थानमा छन् । दीपेन्द्रसिंहले चार सय ४५ रेटिङ प्राप्त गरे । यसअघि उनी एक सय एक स्थानमा थिए । वरीयताको ७०औँ स्थानमा बंगलादेशका अफिफ हुसेन र नामिबियाका जेजे स्मिथ छन् ।

टी-२० ब्याटिङमा भारतका सूर्यकुमार यादव शीर्ष स्थानमा छन् । टी-२० ब्याटिङ वरीयताको २० स्थानसम्म परिवर्तन भएको छैन । बायाँहाते ब्याट्सम्यान कुशलले अलराउन्डरतर्फ २७ स्थान सुधार गरेका छन् । ९४ अंकका साथ उनी ३५औँ स्थानमा छन् । श्रीलंकाका धनञ्जय डी सिल्भा ९४ अंकका साथ ३५औँ स्थानमा छन् । उनले दुई स्थान गुमाएको आइसिसीले जनाएको छ । अलराउन्डर वरीयतामा बंगलादेशका सकिव अल हसन यथावत् रहेका छन् । उनले सर्वाधिक दुई सय ५० रेटिङ बटुले । आइसिसीको अलराउन्डर वरीयतामा शीर्ष नौ स्थानमा कुनै परिवर्तन छैन । आइसिसी टी-२० बलिङको शीर्ष सयभित्र कुनै पनि नेपाली खेलाडी अटाएका छैनन् ।



■ ब्याटिङमा रोहितले सुधारे ३६ स्थान, भारतका शुभमन गिल रोहितभन्दा धेरै पछाडि

मध्यक्रमका भरपर्दा ब्याट्सम्यान कप्तान रोहितले टी-२० ब्याटिङतर्फ ३६ स्थान सुधार गरे । चार सय ८६ अंकका साथ उनी ५४औँ स्थानमा पुगेका छन् । पछिल्लो वरीयतामा उनी ९०औँ स्थानमा थिए । यसपटक उनले त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० सिरिजमा नेदरल्यान्ड्सविरुद्ध चार सय ८६ अंक बटुले ।

रोहितभन्दा एक स्थान अगाडि अस्ट्रेलियाका मार्कुस स्टोनिस रहेका छन् । स्टोनिसले एक स्थान गुमाउँदा ५३औँ स्थानमा रहे । रोहितभन्दा एक स्थान तल इंग्ल्यान्डका मोइन खान र भारतका इसान किसन छन् । मोइनले पनि एक स्थान गुमाए । टी-२० अलराउन्डरमा रोहितले ८८ स्थान सुधार गरे । ३९ रेटिङ अंकका साथ उनी ९२ औँ स्थानमा छन् । रोहितभन्दा पछाडि पाकिस्तानका इफितखर अहमेद (५९), भारतका शुभमन गिल (६५) र भारतकै लोकेश राहुल (६७) छन् ।

नेपालका कुशल भुर्तेल ७७औँ स्थानमा छन् । उनीभन्दा अगाडि ओमानका आयन खान रहेका छन् । कुशलले युएईका आसिफ खानलाई एक स्थान पछाडि धकेलेका छन् ।



■ एकदिवसीय ब्याटिङमा आसिफ ७३औँ स्थानमा

आइसिसीको एकदिवसीय ब्याटिङमा नेपालका ओपनर आसिफ सेख ७३औँ स्थानमै यथावत् रहेका छन् । उनले चार सय ७८ रेटिङ अंक पाएका छन् । आसिफभन्दा एक स्थान अगाडि अफगानिस्तानका चर्तित ब्याट्सम्यान मोहमद नावी रहेका छन् । आसिफले आयरल्यान्डका क्रुटिस क्याफेरलाई एक स्थानले पछि पारे । नेपालका ओपनर तथा दायाँ हाते ब्याट्सम्यान कुशल भुर्तेलले ब्याटिङ वरीयतामा एक स्थान सुधार गरे । उनी ताजा वरीयताअनुसार ७७औँ स्थानमा छन् । उनले चार सय ७४ रेटिङ प्राप्त गरे । कप्तान रोहित ९५औँ स्थानमै यथावत् छन् । उनले नेदरल्यान्ड्का विक्रमजित सिंहलाई एक स्थानले पछाडि धकेले ।

यसैगरी, आइसिसीको एकदिवसीय अलराउन्डर वरीयतामा सयभित्र चार नेपाली खेलाडी अटाएका छन् । जसमध्ये दीपेन्द्रसिंहले मात्र एक स्थान सुधार गरेका छन् । अन्य खेलाडीहरूको स्थान परिवर्तन भएको छैन । दीपेन्द्रसिंह ताजा वरीयताअनुसार ४६औँ स्थानमा छन् । उनी यसअघि भन्दा अगाडि ४७औँ स्थानमा थिए । यसपटक उनले एक सय ५१ रेटिङ अंक पाए । यसैगरी, कुशल मल्ल ५१औँ, सोमपाल कामी ५५ र सन्दीप लामिछाने ७१औँ स्थानमा रहे ।

■ बलिङमा न्युजिल्यान्डका टिम साउथी र वेस्ट इन्डिजका जासन होल्डर ललितभन्दा पछाडि

ललित राजवंशीले एकदिवसीय बलिङ वरीयतामा आयरल्यान्डका क्रेज योङलाई एक स्थानले पछाडि राखेका छन् । ललित ५४औँ स्थानमा छन् । उनले चार सय ८५ अंक बटुलेका छन् । उनीभन्दा एक स्थान अगाडि वेस्ट इन्डिजका मोटिए छन् । टी-२० अलराउन्डरमा ठूलो छलाङ मारेका दीपेन्द्रसिंहले एकदिवसीय बलिङमा समेत एक स्थान सुधार गरे । उनी पछिल्लो वरीयताअनुसार ६३औँ स्थानमा छन् । उनीभन्दा एक स्थान अगाडि स्कटल्यान्डका साफयान सारिफ र एक स्थान तल पाकिस्तानका मोहमद नवाज रहेका छन् ।

एकदिवसीय बलिङ वरीयतामा सोमपाल कामी ८०औँ स्थानमै रहे । उनले पाकिस्तानका सदाव खानलाई एक स्थानले पछि पारे । न्युजिल्यान्डका टिम साउथी (८६) र वेस्ट इन्डिजका जासन होल्डर (९०) लाई पछि पारे । बलात्कार मुद्दामा दोषी ठहर भएका नेपालका पूर्वकप्तान सन्दीप लामिछानेले एकदिवसीय बलिङ वरीयतामा एक स्थान सुधार गरेका छन् । आइसिसीको वरीयतामा सन्दीप ४२औँ स्थानमा छन् । उनले पाँच सय दुई रेटिङ अंक पाए । सन्दीपभन्दा एक स्थान अगाडि बंगलादेशका मेहदी हसन रहेका छन् । सन्दीपभन्दा एक स्थान तल नामिबियाका रुवेन ट्रम्पलमेन छन् ।



■ टी-२० अलराउन्डरमा करण र गुल्सनको पनि छलाङ



नेपालले घरेलु भूमिमा खेलिएको त्रिकोणात्मक टी-२० सिरिज गुमाए पनि खेलाडीहरूको व्यक्तिगत प्रदर्शन अब्बल रह्यो । यसैकारण आइसिसीको ताजा वरीयतामा नेपालका खेलाडीले निकै राम्रो स्थान सुधार गर्न सफल भएका छन् । टी-२० अलराउन्डर वरीयतामा रोहित र दीपेन्द्रसिंहसँगै गुल्सन र करण केसीले पनि स्थान सुधार गरेका छन् । गुल्सनले एकैपटक २२ स्थान सुधार गरी ७२औँ स्थानमा रहे । उनले ४९ रेटिङ प्राप्त गरेका छन् । गुल्सनले अस्ट्रेलियाका चर्चित खेलाडी क्यामरोन ग्रिनलाई एक स्थानले पछाडि राखे ।

नेपालका मुख्य फास्ट बलर करण केसीले सय खेलाडीभित्र आफूलाई समावेश गरेका छन् । उनले यसपटक २४ स्थान सुधार गरेको आइसिसीले जनाएको छ । ताजा वरीयताअनुसार करण ८१औँ स्थानमा छन् । करणले टी-२० अलराउन्डर वरीयतामा भारतका पूर्वकप्तान विराट कोहलीलाई समेत पछि पारेका छन् । ताजा वरीयताअनुसार कोहली ८५औँ स्थानमा छन् । बंगलादेशका मेहदी हसन पनि करणभन्दा पछि नै छन् ।

करणले न्युजिल्यान्डका मार्क च्यापम्यानलाई एक स्थानले धकेलेका छन् । अलराउन्डरमा कप्तान रोहितले अस्वाभाविक रूपमा ८८ स्थान सुधार गरे । यसपटकको समग्र स्थान सुधार गर्ने क्रममा नेपाली खेलाडीमध्ये रोहित सबैभन्दा अगाडि रहे । उनी टी-२० अलराउन्डरको वरीयतामा अहिले ९२ औँ स्थानमा रहे । उनले ३९ रेटिङ अंक प्राप्त गरेका छन् । रोहितभन्दा अगाडि दक्षिण अफ्रिकाका केशव महराज छन् ।

■ नेपाल एकदिवसीय र टी-२० मा यथावत्



पछिल्लो समय नेपाली राष्ट्रिय क्रिकेट टोलीले एकदिवसीय र टी-२० खेलमा राम्रो नतिजा निकाल्न सकेन् । आइसिसी विश्वकप लिग-२ मा नेपालले चारमध्ये एक खेलमा मात्र जित निकाल्यो । तीन खेलमा नेपालले हारको सामना गरेको थियो । तीन साताअघि त्रिवि क्रिकेट मैदानमा नेपालले नामिबिया र नेदरल्यान्ड्सविरुद्ध प्रतिस्पर्धा गरेको थियो । नेपालले पहिलो ब्याटिङ गर्दा ५० ओभर नै खेल्न सकेनन् । नामिबिया र नेदरल्यान्ड्सविरुद्धको टी-२० सिरिजमा नेपालले दुई खेलमा मात्र जित्यो । नेदरल्यान्ड्ससँग फाइनलमा नेपाल ६ विकेटले पराजित भयो । यद्यपि, आइसिसीको टी-२० र एकदिवसीय वरीयतामा नेपालको स्थान परिवर्तन भएको छैन । टी-२० वरीयतामा नेपाल १६औँ स्थानमा छ । नेपालले २९ अंक जोडेको छ । एकदिवसीय वरीयतामा नेपाल १५औँ स्थानमै छ ।

स्रोत : आइसिसी

खेल संक्षेप

आर्मी र प्रहरीलाई उपाधि

काठमाडौं / नेपाल आर्मी र नेपाल प्रहरीले कबड्डी सुपर लिगको उपाधि शुक्रबार जितेका छन् । आर्मी पुरुष तथा प्रहरी महिलामा च्याम्पियन बनेका हुन् । पुरुष र महिला दुवैको फाइनलमा एपिएफ क्लब चुक्यो । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको प्रतियोगिताको पुरुष फाइनलमा आर्मीले एपिएफलाई ३४-२४ ले पराजित गऱ्यो । अखिल नेपाल कबड्डी संघद्वारा आयोजित प्रतियोगिताअन्तर्गत महिलाको उपाधि भिडन्तमा प्रहरीले एपिएफलाई ४१-२८ ले हरायो । प्रतियोगिताको पुरुषमा आर्मीका प्रदीप मिजार र महिलामा प्रहरीकी मानमती विष्ट उत्कृष्ट खेलाडी घोषित भए ।

भ्याली पब्लिक फुटसल सुरु

काठमाडौं / भ्याली पब्लिक स्कुलको आयोजनामा तेस्रो भ्याली पब्लिक कप अन्तरविद्यालय छात्र फुटसल प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ । उद्घाटन खेलमा भ्याली पब्लिक 'ए'ले पुष्पलाललाई ५-३ गोलले पराजित गऱ्यो । प्रशान्तिविरुद्ध भ्याली पब्लिक 'ए'ले ३-३ गोलको बराबरी खेल्यो । सनराइजले हिमालयनलाई ६-३ ले हरायो । कान्तिपुरले वेदव्यासलाई ४-३ ले निराश पारेको छ । हिमालयनले पुष्पलाललाई ४-१, वेदव्यासले साम्तेनलाई ३-२ र कान्तिपुरले भद्रकालीलाई ४-० ले हराए ।

कोटेश्वरका इमोनलाई स्वर्ण

काठमाडौं / आयोजक कोटेश्वर तेक्वान्दो डोजाङका इमोन राणाले प्रथम योङ स्टार खुला तेक्वान्दो प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन् । पुरुष ३८ केजीमुनि फाइनलमा इमोनले नेप्लिज तेक्वान्दो एकेडेमी (एनटिए)का भिजन तामाङलाई पराजित गरे । योङ स्टार ग्रुप सहआयोजक रहेको प्रतियोगिताको पुरुष २२ केजीमुनि सिन्धुपाल्चोकका कुशल नेपाली, २५ केजीमुनि मध्यपुरका समुन्द्र गिरी, २८ केजीमुनि क्षेत्रपालका अभिनव बोहरा र ३४ केजीमुनि क्षेत्रपालकै निर्मल पाण्डे पहिलो भए ।

मर्दीखोला फाइनलमा

कास्की / मर्दीखोला र बनौ बास्केटबल टोली पोखरामा चलिरहेको खुला बास्केटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताको शुक्रबार सम्पन्न पहिलो सेमिफाइनलमा मर्दीखोलाले पर्वत बास्केटबल टिमलाई ५३-४५ ले हरायो । अर्को खेलमा बनौले स्वाँतलाई ६४-५१ ले हरायो । महिलातर्फ अन्नपूर्ण गाउँपालिका र अमिची क्याफे फाइनलमा पुगेका छन् । अन्नपूर्णले पृथ्वीनारायण क्याम्पसलाई १२-४ ले पाखा लगायो । अमिचीले म्याग्दी बास्केटबल क्लबलाई १३-९ अंकले पराजित गर्दै अन्तिम दुईमा आफ्नो स्थान बनाएको हो ।

■ झापा गोल्डकप

चारपटकको विजेता आर्मीलाई स्तब्ध पार्दै एपिएफ फाइनलमा



आर्मीका रक्षक कमल थापाले खेलको ७०औँ मिनेटमा आफ्नै पोस्टमा गोल गरेपछि एपिएफ पहिलोपटक फाइनलमा

झापामा चिरञ्जीवी घिमिरे

एपिएफ फुटबल क्लब छैटौँ झापा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा शुक्रबार चारपटकको विजेता अर्को विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबलाई १-० गोलअन्तरले हराउँदै एपिएफ फाइनल प्रवेश गरेको हो । आत्मघाती गोलमा एपिएफले आर्मीलाई स्तब्ध पारेको हो । एपिएफले पहिलोपटक झापा गोल्डकपको फाइनलमा स्थान बनाएको हो । 'यसपालि भाग्यमानी रहेजस्तो लाग्छ । हामी दुई फाइनलमा पुगिसकेका छौं । खेलाडीले राम्रो प्रदर्शन गरे,' एपिएफका प्रशिक्षक सुमन श्रेष्ठले भने, 'विदेशी र नेपाली खेलाडीबीच राम्रो तालमेल भयो ।'

आर्मीका प्रशिक्षक मेघराज केसीले फाइनल थर्डमा चुकेको बताए । 'मिडफिल्डमा राम्रो प्रदर्शन भएको हो । तर, अट्याकमा चुक्न पुग्यौं,' आर्मीका प्रशिक्षक केसीले भने, 'केही खेलाडी घाइते हुँदा समस्या पनि भयो ।' घाइते भएपछि दोस्रो सेमिफाइनलमा मिडफिल्डर दिनेश हेम्जन र स्ट्राइकर जिलस्पीजंग कार्की झापा गोल्डकपमा सहभागी नै भएनन् । उपाधिका लागि एपिएफले मंगलबार चर्च ब्वाइज युनाइटेड र आयोजक झापा एघारबीचको विजेतासँग खेल्नेछ ।

आत्मघाती गोल नै निर्णायक

खेलको ७०औँ मिनेटमा भएको आत्मघाती गोल नै निर्णायक बनेपछि एपिएफले पहिलोपटक फाइनलमा स्थान बनाएको हो । एपिएफका विदेशी खेलाडी फोडे फोफोनाको हेडर आर्मीका रक्षक कमल थापाको जिउमा लागेर गोल भएको थियो । यो गोल नै निर्णायक बन्यो । राष्ट्रिय टोलीबाट खेलिसकेका कप्तान भरत खवास र नवयुग श्रेष्ठले बारम्बार एपिएफविरुद्ध आक्रमण गरे पनि गोलरक्षक एन्जल श्रेष्ठले उत्कृष्ट प्रदर्शन गरेका थिए । पहिलो हाफमा दुवै टोलीले औसत प्रदर्शन गरे । केही समय आक्रामक बन्दा रक्षात्मक खेल पनि खेलेका हुन् ।

२८ फागुनसम्म चल्ने झापा गोल्डकपमा 'ए' डिभिजन क्लबसहित १० टोली सहभागी भएका छन् । विजेता टिमले १३ लाख र उपविजेताले सात लाख रुपैयाँ पाउने अध्यक्ष बस्नेतले जानकारी दिए । प्रतियोगिताका मस्ट भ्यालुएबल प्लेयरलाई एकथान मोटरसाइकल प्रदान गरिनेछ । उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, प्रशिक्षक र उच्च गोलकर्ताले २५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

तालमेल राम्रो रह्यो

सुमन श्रेष्ठ, प्रशिक्षक, एपिएफ

विदेशी खेलाडीलाई झापाको मौसममा खेल्न सहज भयो । त्यसैले जित निकाल्न सफल भएका हौं । तालमेल मिल्दै गएकाले फाइनलमा योभन्दा सुधारिएको प्रदर्शन गर्नेछौं । विदेशी खेलाडीले सानदार प्रदर्शन गरेका छन् ।

मिडफिल्डर चलेनन्

मेघराज केसी, प्रशिक्षक, आर्मी

मिडफिल्ड चल्न नसक्दा स्कोर ननिस्केको हो । हामीले केही अवसर पनि बनायौं । तर, खेलाडीले त्यसलाई सफल बनाउन सकेनन् । डिफेन्डर र फरवार्डको प्रदर्शन सन्तोषजनक रह्यो । केही खेलाडी घाइते हुँदा समस्या पनि भयो ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com